'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २८३ ★ ने. सं. ११४६ कौला थ्व, अष्टमी ★ सोमबार ★ १६ कार्तिक, २०८३ ★ November 2, 2026, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

न्हुदँ ११४७ को कार्यक्रममा सहभागी हुन तः मुंज्याको आग्रह



भक्तपुर, १५ कार्तिक । ४६ औँ नेपालभाषा साहित्य तःमुंज्या आयोजक समितिको आयोजनामा आइतबार ने.सं. ११४७ को न्हुदँ (नयाँ वर्ष) च्याली आयोजना गर्नेसम्बन्धी आवश्यक तयारीका लागि भक्तपुर नगरका विभिन्न दाफा, भजन, बाजा खलः, गुथि तथा सहकारी संस्थाहरूका प्रतिनिधिहरूसँग छलफल गरियो ।

उक्त छलफल कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपाललाई संयुक्त राष्ट्र सङ्घमा सदस्यता दिलाउन नेपालभाषाको रञ्जना लिपि पेस गरिएको उल्लेख गर्दै नेपाल संवत् नेपालीहरूले सुरुआत गरेको संवत् भएको बताउनुभयो ।

उहाँले नेपालभाषालाई व्यवहारमा ल्याउन सबै नेपालीको योगदान जरुरी भएकोमा जोड दिनुभयो ।

उहाँले नेपाल संवत् ११४७ न्हुदँको कार्यक्रममा नयाँ पुस्तालाई समेत साथमा लिएर सहभागी हुनुपर्ने विचार राख्नुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले 'जनता म्वासा भाषा म्वाई' भन्ने उद्घोष नेपालको वर्तमान परिस्थितिअनुसार झन्झन् प्रमाणित हुँदै गएको बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याले आफ्नो दबुमा प्रबुद्ध व्यक्तित्वहरूको सम्मान गर्दै आएको उल्लेख गर्दै समाजका विभिन्न बाजागाजालगायत संस्कार संस्कृतिमा सिद्धहस्तहरू विभूषित गर्नुपर्ने व्यक्तित्व हुन् भन्नुभयो ।

४६ औँ नेपालभाषा साहित्य तःमुंज्याको आयोजक समितिका अध्यक्ष उकेश कवांले नेपालभाषा र नेवार संस्कार-संस्कृतिसमेत बचाइराख्न तःमुंज्याले साहित्य र सांस्कृतिक अभियान चलाइरहेको बताउनुभयो ।

कार्तिक २२, २३ र २४ गते क्रमशः लक्ष्मीपूजा, म्हपूजा, किजापूजा गर्ने निर्णय भनपाले गरिसकेको हुँदा सोहीअनुसार गर्न आग्रह गर्दै उहाँले कार्तिक २३ गते बिहान हुने न्हुदँ च्यालीमा दाफा, भजन, गुठी, सांस्कृतिक समूहहरू, सहकारी संस्थाहरूले सहभागिता जनाउन अनुरोध गर्नुभयो ।

भेलामा नारायणप्रसाद मचामसीले पनि बोल्नुभएको थियो ।

जीवनयापनको खर्च र सार्वजनिक सेवाको अवस्थालाई लिएर युरोपभर प्रदर्शन

म्याड्रिड, १ नोभेम्बर (सिन्हुवा) । जीवनयापनको बढ्दो खर्च, आवास समस्या, सार्वजनिक सेवाको अवस्था र राजनीतिक विवादलाई लिएर शनिबार युरोपका विभिन्न प्रमुख सहरमा विरोध प्रदर्शन भएका छन् । सामाजिक सञ्जालमार्फत प्रदर्शनका लागि आह्वान गरिएपछि विभिन्न देशमा प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको थियो ।

फ्रान्सको गृह मन्त्रालयका अनुसार शनिबार देशभर भएका प्रदर्शनमा करिब तीन लाख २० हजार मानिस सहभागी भए । तीमध्ये ७० हजार पेरिसमा थिए । आयोजकहरूले भने देशभर पाँच लाख र राजधानीमा दुई लाख मानिस सहभागी भएको दाबी गरेका छन् ।

प्रदर्शनलाई ध्यानमा राख्दै देशभर करिब ७० हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो । अधिकांश प्रदर्शन शान्तिपूर्ण भए पनि केही स्थानमा प्रहरीसँग झडप भएको थियो । फ्रान्सका गृहमन्त्री लरेन्ट नुनेजका अनुसार प्रदर्शनको क्रममा ४२२ जना पक्राउ परेका छन् ।

जर्मनीका ३० भन्दा बढी सहरमा भएका प्रदर्शनमा सार्वजनिक सेवामा लगानी बढाउन, महँगी नियन्त्रण गर्न र अनिवार्य सैन्य सेवाको व्यवस्था हटाउन माग गरिएको थियो । आयोजकहरूका अनुसार १२ सहरको तथ्याङ्कमा मात्रै ६८ हजारभन्दा बढी सहभागी भएका थिए ।

फ्राङ्कफर्टमा प्रहरी अधिकारी घाइते भएका थिए भने ह्याम्बर्गमा अवरोधका लागि राखिएका बारमा आगजनी गरिएको थियो । ब्रेमेनमा पनि



प्रहरीमाथि आक्रमण भएको जर्मन समाचार संस्था डीपीएले जनाएको छ ।

इटालीमा सार्वजनिक सेवा र जीवनयापनको खर्चलाई लिएर शुक्रबार ६० भन्दा बढी सहरमा प्रदर्शन भएका थिए । युनियनको अनुमानमा १५ लाख मानिस सहभागी भए पनि गृह मन्त्रालयले सहभागी सङ्ख्या दुई लाख ५५ हजार रहेको जनाएको छ । शनिबार पनि रोमस्थित कोलोसियम नजिक प्रदर्शनकारी भेला भएका थिए ।

पोर्चुगलको लिस्बन र पोर्टोमा आवासको समस्या समाधान गर्न माग गर्दै एक हजारभन्दा बढी मानिसले प्रदर्शन गरेका थिए । लिस्बनमा प्रदर्शनकारीले रोसियो स्क्वायरमा रात बिताउने तयारी गरेका थिए ।

यसैबिच, अल्बानियाको राजधानी तिरानामा प्रधानमन्त्री एदी रामाको

बाँकी पृष्ठ २ मा

गाँजा खेती र औद्योगिक उत्पादन नियमन गर्ने नियम तीन महिनाभित्र बनाउन सर्वोच्चको परमादेश

काठमाडौँ, १५ कार्तिक । सर्वोच्च अदालतले गाँजाको औषधीय, वैज्ञानिक तथा औद्योगिक प्रयोजनका लागि नियन्त्रित खेती र उत्पादनको व्यवस्था मिलाउन सरकारको नाममा परमादेश जारी गरेको छ ।

न्यायाधीशहरू नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गाँजा खेती तथा उत्पादनलाई व्यवस्थित गर्न आवश्यक नियमावली, मापदण्ड र कार्यविधि तीन महिनाभित्र बनाउन सरकारको नाममा परमादेश जारी गरेको हो ।

यो फैसला २०८२ जेठ ४ गते भएको थियो । २०८२ भदौ २४ गते भएको जेनजी आन्दोलनको क्रममा सर्वोच्च अदालतमा आगजनी भएपछि मिसिल फेला नपरेका कारण यसको पूर्णपाठ अहिले सार्वजनिक भएको हो ।

अदालतले सार्वजनिक भएको मितिले तीन महिनाभित्र आवश्यक नियमावली, मापदण्ड र कार्यविधि बनाउन निर्देशन दिएको हो ।

अदालतले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ मा गाँजामाथि प्रतिबन्ध लगाइए पनि औषधीय, वैज्ञानिक तथा औद्योगिक प्रयोजनका लागि यसको नियन्त्रित खेती र उत्पादन गर्न सकिने कानुनी आधार रहेको व्याख्या गरेको छ । ऐनमा व्यवस्था भए पनि सरकारले आवश्यक नियमावली र कार्यविधि नबनाउँदा त्यसको कार्यान्वयन हुन नसकेको अदालतको ठहर छ ।

आदेशमा गाँजाको औषधीय प्रयोग, वैज्ञानिक अनुसन्धान तथा औद्योगिक उत्पादनका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यसको लागि गाँजाको नियन्त्रित खेती, उत्पादन, प्रशोधन, भण्डारण, प्रयोग, बिक्री वितरण तथा निकासी पैठारी गर्न इजाजतपत्र दिने व्यवस्था मिलाउन भनिएको छ ।

अदालतले गाँजाको औषधीय प्रयोगको ऐतिहासिक अभ्यास, औद्योगिक तथा व्यावसायिक सम्भावना र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई पनि आफ्नो निर्णयको आधार बनाएको छ ।

नेपाललगायत पूर्वीय समाजमा परम्परागत रूपमा गाँजाको औषधीय प्रयोग हुँदै आएको उल्लेख गर्दै अदालतले गाँजाबाट औषधि, कपडा, कागज, तेललगायत विभिन्न वस्तु उत्पादन गर्न सकिने सम्भावना औँल्याएको छ ।

गाँजासम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाले यसको औषधीय तथा वैज्ञानिक प्रयोगलाई पूर्ण रूपमा निषेध नगरेको अदालतको व्याख्या छ । संयुक्त राष्ट्रसङ्घको लागू औषधसम्बन्धी आयोगले सन् २०२० मा गाँजालाई सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग्स, १९६१ को अनुसूची ४ बाट हटाएको विषयलाई पनि अदालतले उल्लेख गरेको छ ।

त्यस्तै, अमेरिका, क्यानडा, न्युजिल्यान्ड र भारतलगायत देशको अभ्यासलाई समेत अदालतले तुलनात्मक आधारको रूपमा प्रस्तुत गरेको छ ।

अदालतले गाँजाको अनियन्त्रित प्रयोगबाट व्यक्तिगत स्वास्थ्य तथा सामाजिक क्षेत्रमा नकारात्मक असर पर्न सक्ने पक्षलाई पनि ध्यान दिएको छ । नियमित प्रयोगले केही व्यक्तिमा गाँजा प्रयोगसम्बन्धी स्वास्थ्य समस्या देखिन सक्ने र त्यसले पारिवारिक तथा सामाजिक जीवनमा असर पार्न सक्ने अध्ययनहरूलाई आदेशमा उल्लेख गरिएको छ । त्यसैले यसको खेती तथा प्रयोगलाई खुला छाड्नुभन्दा कडा नियमन र निगरानीको प्रभावकारी कानुनी संयन्त्र आवश्यक रहेको अदालतको ठहर छ ।

गाँजाको मनोरञ्जनात्मक प्रयोगलाई भने लागूऔषध (नियन्त्रण) ऐनले निषेध गरेको विषयलाई अदालतले स्पष्ट पारेको छ । नेपालको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशलाई

बाँकी पृष्ठ ८ मा

देशको अवस्थाबारे उठेका प्रश्न

● रास्वपा सरकारले चालू आवको पहिलो त्रैमासमा १ खर्ब २३ अर्ब ३२ करोड रुपैयाँ सार्वजनिक ऋण उठाएको सार्वजनिक भयो । अघिल्लो सरकारमा विपक्षीमा रहँदा रास्वपाले सार्वजनिक ऋण थपेका नेका, एमाले, माओवादी सरकारले विरोध गरेको थियो । झन्डै दुईतिहाइको सरकार बनेपछि रास्वपाले अहिले सार्वजनिक ऋण थप्दै ३० खर्ब ९ अर्ब ११ करोड पुऱ्यायो । देश ऋणमा डुबाउनेहरूलाई कहिले कारबाही हुने हो ?

बाँकी पृष्ठ २ मा

व्यङ्ग्यचित्र कुनो





२८ औँ विविध भाषा साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रम (कार्तिक २३ गते, नगदेश) को प्रचारार्थ सम्पन्न रक्तदान कार्यक्रममा सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुहुँदै नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगर आइतबार । *तस्बिर : विक्रम थापा श्रेष्ठ/मजदुर दैनिक*

रोटरी पुस्तक प्रदर्शनी २०८३ सम्पन्न

भक्तपुर, १५ कार्तिक । रोटरी क्लब अफ भक्तपुरको आयोजनामा भएको तीनदिने रोटरी पुस्तक प्रदर्शनी २०८३ आइतबार सम्पन्न भयो ।

कार्यक्रममा डिस्ट्रिक्ट गभर्नर अफ रोटरीका डीजी विष्णुबहादुर कार्कीले भक्तपुर रोटरी क्लबको पुस्तक प्रदर्शनी विशेष, नौलो र सिर्जनात्मक कार्यक्रम भएको बताउँदै रोटरीको इतिहासमै पुस्तक प्रदर्शनी पहिलो र सफल कार्यक्रम भएको जानकारी दिनुभयो ।

दुई दिन मौसमले साथ नदिए पनि पुस्तकप्रेमीहरूले देखाएको विश्वास, सद्भाव, उदारता र सहयोगले कार्यक्रम सफल बनाउन सम्भव भएको उहाँले बताउनुभयो ।

पुस्तक ज्ञानको स्रोत मात्र नभई समाज परिवर्तन र सभ्य भविष्य निर्माणको आधारसमेत भएको धारणा राख्दै उहाँले पुस्तक प्रदर्शनीमार्फत पठन संस्कृतिको विकास, नयाँ पुस्तामा पुस्तकप्रतिको रूचि अभिवृद्धि तथा भक्तपुरको कला, संस्कृति र साहित्यको प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले बीस वर्षअघि भक्तपुरमा आयोजित पुस्तक प्रदर्शनीको स्मरण गर्दै पुस्तक प्रदर्शनीले विद्यार्थी तथा सिक्नेहरूलाई थप अध्ययन गर्न प्रेरणा दिने बताउनुभयो ।

उहाँले रोटरी क्लबको निःस्वार्थ सेवा, शिक्षा, स्वास्थ्य र विश्व शान्तिका लागि कार्यरत रहने उद्देश्य तथा अभियानको सराहना गर्नुभयो ।

उहाँले सन् २००० मा सिङ्गापुरमा गरेको शैक्षिक अध्ययन भ्रमणको अनुभव सुनाउँदै भन्नुभयो, "सिङ्गापुरका चारै कुनामा क्षेत्रीय पुस्तकालयको व्यवस्था गरिएको तथा सुपरमार्केटनजिकै पुस्तकालय स्थापना गरेर पठन संस्कृतिको विकासका लागि सरकारले गरेको प्रयास सराहनीय छ । आजका दिनमा पनि सिङ्गापुर सरकारले पठन संस्कृतिको विकासका लागि नयाँ नयाँ कार्यक्रम ल्याइरहेको छ ।"

कार्यक्रमका सभापति तथा रोटरी क्लब अफ भक्तपुरका अध्यक्ष दशरथ प्रजापतिले धेरै साथीहरूको सहयोगमा पुस्तक प्रदर्शनी सफल भएको बताउनुभयो ।

आयोजकका अनुसार तीन दिनसम्मको झरीका बाबजुद पुस्तक मेलामा चौथो दिनसम्ममा आठ हजारभन्दा बढी पाठक सहभागी भएका थिए ।

सयपत्री साकोसको अध्यक्षमा मचामसी निर्वाचित

भक्तपुर, १५ कार्तिक । चाँगुनारायण नगरपालिकास्थित सयपत्री बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौँ अधिवेशन तथा २० औँ वार्षिक साधारणसभा सम्पन्न भयो ।

सभामा सचिव सत्यराम थुयाजूले आ.व. ०८२/८३ को प्रगति प्रतिवेदन र आ.व. ०८३/८४ को कार्यक्रम, कोषाध्यक्ष रामप्रसाद मचामसीले आ.व. ०८२/८३ को आर्थिक प्रतिवेदन र आ.व. ०८३/८४ को बजेट, ऋण उपसमितिका संयोजक नारायणभक्त थुयाजूले आ.व. ०८२/८३ को ऋण प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक बाबुकाजी माकजूले आ.व. ०८२/८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । उक्त प्रतिवेदनमाथि छलफलसँगै सदस्यहरूबाट उठाइएका प्रश्नहरूको सम्बन्धित पक्षबाट जवाफ दिएपछि सभामा प्रस्तुत प्रस्तावहरू सर्वसम्मत रूपमा पारित गरिएको छ । लेखापरीक्षक रमेश थापा श्रेष्ठले तयार गर्नुभएको संस्थाको आ.व. ०८२/८३ को लेखापरीक्षण प्रतिवेदन सभाले सर्वसम्मत रूपमा पारित गरेको छ ।

सभाबाट आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न आर.टी.श्रेष्ठ एन्ड एसोसिएट्सका रमेश थापा श्रेष्ठलाई लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण, आ.व. ०८२/८३ को शेयर लाभांश कोषबाट सदस्यहरूलाई करसहित १५ प्रतिशत



बराबर शेयर लाभांश वितरण गर्ने र संरक्षित पुँजी फिर्ता कोषबाट नियमानुसार रकम वितरण गर्ने प्रस्ताव पनि सभाबाट पारित गरिएको छ ।

सभामा प्रस्तुत लेखापरीक्षण प्रतिवेदनअनुसार आ.व. ०८२/८३ मा संस्थाको कुल सम्पति २८,८८,७५,५२१/७२ पुगेको छ । संस्थाको शेयर पुँजी २,०८,५३,७०० रूपैयाँ, जगेडा तथा अन्य कोषहरू ६,६५,३३,९३९।५४, बचत १९,९३,८५,५६३/८३ पुगेको छ । यसैगरी, सदस्यहरूलाई प्रवाह गरेको ऋण २४,३१,२४,४९० रूपैयाँ रहेको छ भने उक्त आ.व. मा संस्थाले ९६,४४,१११/९८ खुद बचत गरेको छ ।

सभाबाट रामप्रसाद मचामसीको अध्यक्षतामा नौ सदस्यीय सञ्चालक समिति निर्विरोध निर्वाचित भएको छ । सञ्चालक समितिको उपाध्यक्षमा नारायणभक्त थुयाजू, सचिवमा रवीन्द्र न्हेम्हाफुकी, कोषाध्यक्षमा रविन बासुकला निर्वाचित हुनुभएको छ । सञ्चालक समितिका सदस्यहरूमा हरिगोपाल बासुकला, रामकेशरी न्हेम्हाफुकी, जयराम छुकां, न्हुछेबहादुर कासिछ्वा र राजु बनमाला निर्वाचित हुनुभएको छ ।

सभाबाट राजाराम छुकांको संयोजकत्वमा तीन सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्विरोध निर्वाचित भएको छ भने समितिका सदस्यहरूमा राजकुमार न्हेम्हाफुकी र रामप्रसाद न्हेम्हाफुकी निर्वाचित हुनुभएको छ ।

चौतारी साकोसको १९ औँ साधारणसभा सम्पन्न

भक्तपुर, १५ कार्तिक । सूर्यविनायक नगरपालिका वडा नं. ५ घलाँटेस्थित चौतारी बचत तथा ऋण सहकारी संस्थाको १९ औँ वार्षिक साधारणसभा आइतबार सम्पन्न भयो ।

संस्थाका ज्येष्ठ सदस्य अर्कनारायण श्रेष्ठले उद्घाटन गर्नुभएको उक्त साधारणसभा पुष्पदास श्रेष्ठको सभापतित्वमा भएको थियो । सभामा अध्यक्ष श्रेष्ठले सहकारी क्षेत्रमा देखिएको विश्वासको सङ्कटको अवस्थामा पनि संस्थालाई सहयोग गर्ने सम्पूर्ण शेयर सदस्यहरूलाई आभार व्यक्त गर्नुभयो । शेयर सदस्यहरूले नियमित बचत गर्न, ऋणको साँवा ब्याज बुझाउन र सुझाव दिन उहाँले अनुरोध गर्नुभयो ।

सभामा उपाध्यक्ष पाण्डव सुवालले समुदायमा आधारित सहकारी संस्थालाई नियमनका नाममा नियमनकारी निकायले बरोबर दिने निर्देशन पालना गर्न अलमल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सहकारी नियमन प्राधिकरणले एउटा, सङ्घीय, प्रदेश र स्थानीय तहबाट अर्को निर्देशन दिँदा सहकारी संस्थाले कसको निर्देशन मान्ने भन्नेमा दुविधा उत्पन्न भएको छ । खराब सहकारीलाई सरकारका मान्छेले नै जोगाउँदाको परिणाम आज सहकारी बदनामले गनाउन थालेको हो ।"

सचिव रामशरम त्वातीबाट प्रस्तुत आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन, कोषाध्यक्ष गङ्गाबहादुर फाँजुबाट प्रस्तुत आ.व. २०८२/८३ को आर्थिक प्रतिवेदन, आ.व. २०८३/८४ अनुमानित आयव्यय विवरण, लेखा सुपरिवेक्षण समितिका संयोजक काशीराम प्रजापतिबाट प्रस्तुत लेखा प्रतिवेदन पारित गरियो ।

संस्थाका सल्लाहकारहरू सरोज खोटेजा र रमेश त्वी त्वी, ऋण समितिका संयोजक पुरुषोतम डाखुसीले संस्थाको गतिविधिबारे आफ्ना आफ्ना धारणा राख्नुभएको थियो ।

सभामा ज्येष्ठ नागरिकहरू सानुमैया त्वाती, लक्ष्मीश्वरी ख्याजु र व्यवस्थापक रीता ख्याजुलाई सम्मान गरिएको थियो ।

शरद साकोसको १९ औँ साधारणसभा तथा सातौँ अधिवेशन

भक्तपुर, १५ कार्तिक । शरद बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९औँ वार्षिक साधारणसभा तथा सातौँ अधिवेशन आइतबार सम्पन्न भयो । संस्थाका अध्यक्ष राजकुमार वनमालाको अध्यक्षता तथा भक्तपुर नगरपालिका वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजूको प्रमुख आतिथ्यमा सभा सम्पन्न भएको हो ।

सभामा संस्थाका कोषाध्यक्ष हरिराम कर्माचार्यले आर्थिक वर्षको आर्थिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय-व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । संस्थाका सचिव सत्येन्द्र सुकुभटुले संस्थाको प्रगति प्रतिवेदन तथा भावी नीति र कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । लेखा सुपरिवेक्षण समितिका संयोजक राजाराम बासीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सातौँ अधिवेशनको निर्वाचन समितिका संयोजक एवं अधिवक्ता सुनील गजुरेलले सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा सहकारी प्राधिकरणबाट जारी निर्देशनहरूबारे जानकारी गराउनुभएको थियो ।



भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण ध्वजुले सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिको भूमिका महत्त्वपूर्ण हुने बताउँदै समितिले समय-समयमा सञ्चालक समितिलाई आवश्यक सल्लाह तथा सुझाव दिनुपर्नेमा जोड दिनुभयो । सहकारी संस्था पैसाको कारोबारमा मात्र सीमित नभई सदस्यहरूलाई व्यवसायमूलक तालिम तथा सहुलियतपूर्ण लगानीमार्फत स्वरोजगार बनाउनुपर्ने उहाँको भनाइ थियो । सदस्यहरूले नियमित रूपमा संस्थामा उपस्थित भई बचत गर्ने बानी विकास गर्नुपर्ने र सञ्चालक समितिका पदाधिकारीहरूको कार्यशैली तथा आर्थिक अनुशासनमा विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजूले सहकारीको ऋण असुली प्रक्रियामा वडा कार्यालयसँग समन्वय गर्न सकिने बताउँदै समुदायमा क्रियाशील सहकारी संस्थाले विभिन्न सीपमूलक तथा स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

सभाको अध्यक्षता गर्दै संस्थाका अध्यक्ष राजकुमार वनमालाले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सदस्य, अतिथि तथा शुभेच्छुकप्रति धन्यवाद व्यक्त गर्नुभयो । उक्त कार्यक्रम यस संस्थाको युवा तथा अतिरिक्त क्रियाकलाप उपसमिति सदस्य युनिशा छ्वाजूले सञ्चालन गर्नुभएको थियो ।

सभाको दोस्रो चरणमा सातौँ अधिवेशनअन्तर्गत नयाँ सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन प्रक्रिया सम्पन्न भएको थियो । निर्वाचन समितिका संयोजक अधिवक्ता सुनील गजुरेलका अनुसार नयाँ सञ्चालक समितिको अध्यक्षमा राजाराम बासी, उपाध्यक्षमा बाबुकाजी मानन्धर, सचिवमा मञ्जु खोटेजा, कोषाध्यक्षमा सत्येन्द्र सुकुभटु चयन हुनुभएको छ ।

सदस्यहरूमा हरिराम कर्माचार्य, हरिप्रसाद छ्वाजु, बाबुराज वातांकछी, रामकृष्ण ह्यँगोजू र सचिता बनमाला चयन हुनुभएको छ ।

लेखा सुपरिवेक्षण समितिको संयोजकमा राजकुमार वनमाला तथा सदस्यहरूमा निरु कर्माचार्य र कृष्णराम तमखु चयन हुनुभएको छ ।

जीवनयापनको...

राजीनामालगायत माग राखेर भइरहेको प्रदर्शन शनिबार १९ औँ दिन पनि जारी रह्यो । प्रदर्शनको क्रममा प्रहरीमाथि पेट्रोल बम र ढुङ्गा प्रहार भएपछि प्रहरीले अश्रुग्यास र पानीको फोहोरा प्रयोग गरेको थियो ।

पोल्यान्डको वार्सामा संवैधानिक न्यायाधीकरणको संरचना र नेतृत्वलाई लिएर प्रदर्शन भएको थियो । यता नेदरल्यान्ड्सको द हेगमा सामाजिक सञ्जालबाट भएको आह्वानपछि भेला भएका भिडलाई प्रहरीले तितरबितर पारेको थियो । प्रहरीले दिनभर ३४ जनालाई पक्राउ गरेको जनाएको छ ।

स्पेनको म्याड्रिड, बार्सिलोना र भ्यालेन्सियामा पनि सम्भावित अशान्ति रोक्न सुरक्षा व्यवस्था कडा पारिएको थियो । अघिल्लो सप्ताहन्त बार्सिलोनामा भएको झडपमा १५ प्रहरी अधिकारी घाइते भएका र १२८ जना पक्राउ परेका थिए । स्पेनी समाचार संस्था ईएफईका अनुसार अनलाइनमार्फत हिंसा भड्काएको आशङ्कामा प्रहरीले देशभर १० जनालाई पक्राउ गरेको थियो ।

देशको...

● कर्णाली क्षेत्रमा प्राङ्गारिक खेती विकास गर्ने विषय उठेको धेरै भयो । यतिबेला कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले पनि एक पटक दोहोऱ्याए । के नेपालका सङ्घीय सरकार र प्रदेश सरकारहरूको काम बोल्नेमात्र र काम केही नगर्ने हो ?

विश्व सङ्क्षेप

नेपालको पर्यटन विश्वमाझ पुऱ्याउन 'टिकटक' सँग पर्यटन बोर्डको सहकार्य

काठमाडौँ, १५ कार्तिक । नेपालका पर्यटकीय गन्तव्यलाई अन्तर्राष्ट्रिय सामाजिक सञ्जाललागतय विद्युतीय माध्यमबाट विश्वभर चिनाउने उद्देश्यले नेपाल पर्यटन बोर्ड र टिकटकको सहकार्यमा सात देशका पर्यटनसम्बन्धी सामग्री निर्माता (ट्राभल कन्टेन्ट क्रिएटर) नेपाल आएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सक्रियतामा फ्रान्स, पोर्चुगल, ट्युनिसिया, दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स (युएई), बङ्गलादेश र श्रीलङ्काका उनीहरूलाई नेपाल आमन्त्रण गरिएको बोर्डले जनाएको छ ।

नेपाल आएका उनीहरूले यहाँका प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, साहसिक गतिविधि र पर्यटनका विविध पक्ष समेटिएका भिडियो तथा डिजिटल सामग्री तयार गर्नेछन् । ती सामग्री टिकटकसहितका सामाजिक सञ्जालमार्फत विश्वभरका दर्शकमाझ प्रस्तुत गरिने छ ।

युएई र ट्युनिसियाका तीन जना पोखरा र अन्य काठमाडौँमा सामग्री उत्पादन गरिरहेका छन् । उनीहरूले पोखरा, चितवन र बर्दियाका प्रमुख पर्यटकीय गन्तव्य तथा नेपालका सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय महत्वका स्थल र उत्पादनसम्बन्धी सामग्री तयार गर्ने बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले राससलाई जानकारी दिनुभयो । नेपालको हिमाली सौन्दर्य, सांस्कृतिक सम्पदा, साहसिक पर्यटन र स्थानीय जीवनशैलीलाई छोटा भिडियोमार्फत विश्वसमुदायसमक्ष प्रस्तुत गरिने छ । ***(रासस)***

महेन्द्रनगरमा दुई आकाशे पुल निर्माण सम्पन्न, तेस्रो निर्माणाधीन

धनुषा, १५ कार्तिक । जनकपुरधाम-ढल्केवर छ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुलको निर्माण सम्पन्न भएको छ । पुलमा रङरोगन तथा सौन्दर्यीकरणको काम भइरहेको र चाँडै सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

मधेस प्रदेशमा पहिलो पटक निर्माण गरिएका यी पुल पैदल यात्रुको आवागमन सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया, जनकपुरधामले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम घट्ने बताउनुभयो । पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौँ पैदल यात्रुको आवागमन हुने गरेको उहाँले जानकारी दिनुभयो । ***(रासस)***

सिक्टा र बबई आयोजनाबाट थप १५० हेक्टरमा सिँचाइ सुविधा

काठमाडौँ, १५ कार्तिक । राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरूले नयाँ क्षेत्रमा सिँचाइ सुविधा पुर्याउन थालेका छन् । जलस्रोत तथा सिँचाइ विभागका अनुसार सिक्टा सिँचाइ आयोजना बाँकेले थप १०० हेक्टर र बबई सिँचाइ आयोजना बर्दियाले थप ५० हेक्टर जमिनमा सतह सिँचाइ सुविधा पुर्याएको हो । ***(रासस)***

वर्षा र पहिरोले काभ्रे, खोटाङ र ललितपुरका सडक अवरुद्ध

काठमाडौँ, १५ कार्तिक । लगातारको वर्षाका कारण खहरेखोलाबाट लेदोसहित ढुङ्गामाटो बगेर सडकमा थुप्रिँदा तथा पहिरो खस्दा काभ्रे, खोटाङ र ललितपुरका विभिन्न सडकखण्ड अवरुद्ध भएका प्रहरी प्रधान कार्यालयले आज बिहान ६:०० जारी गरेको सूचनामा जनाइएको छ ।

काभ्रेको रोशी गाउँपालिका-९ पिन्थली र वडा नं ८ गिम्दीबेँसीस्थित बिपी राजमार्गमा खहरेखोलाबाट ढुङ्गामाटोसहितको लेदो बगेर सडकमा थुप्रिएपछि यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ ।

खोटाङको हलेसी तुवाचुङ नगरपालिका-१ लाकुरीडाँडास्थित मध्यपहाडी लोकमार्गमा वर्षाका कारण माथिबाट लेदोसहितको पहिरो खस्दा करिब १५ मिटर सडक अवरुद्ध भएको छ ।

ललितपुर महानगरपालिका-२ सुन्दरीघाटमा बागमती खोला करिडोरको सडकमा वर्षाका कारण जलसतह बढेर आवागमन अवरुद्ध भएको छ ।.बागमती गाउँपालिका-३ पाङ्दुर र टार्कुचेस्थित कान्ति लोकपथमा पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । ***(रासस)***

माइग्रेसन सर्टिफिकेट हराएको सूचना

राष्ट्रिय परीक्षा बोर्डबाट उपलब्ध गराइएको कक्षा १२ को मेरो माइग्रेसन सर्टिफिकेट यही २०८३/०३/१० गतेदेखि भक्तपुरस्थित जगातीबाट हराएको हुँदा सो सर्टिफिकेट पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा बोर्डको कार्यालय तथा तपसिलको मोबाइल नम्बरमा सम्पर्क गरी बुझाई दिनुहोला ।

तपसिल
नाम : प्राईमल सैँजु
ठेगाना : जगाती-८, भक्तपुर
मोबाइल नं. : ९८६३०३९६९१
Registration No.: 772623099



बीपी राजमार्गको पहिरो पन्छाइँदै : अवरुद्ध बीपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-७ गिम्दीबेँसीमा आइतबार बिहान सडकको पहिरो पन्छाएर खुलाइँदै । तस्वीर: राजकुमार पराजुली / रासस

महाकाली सिँचाइ आयोजना संरचना बने तर नहरमा पानी आएन

- महादेव अवस्थी

कञ्चनपुर, १५ कार्तिक । महाकाली सिँचाइ आयोजना तेस्रो चरणबाट पाँच हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधाका उपलब्ध गराउने संरचना तयार छन् । आयोजनाको ब्रह्मदेवदेखि शुक्लाफाँटा नगरपालिकाको फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण भएको वर्षौं भइसक्यो । मूल नहर निमाण भएको क्षेत्रमा किसानको खेतसम्म पानी पुऱ्याउन १४ वटा शाखा नहर निर्माण सम्पन्न भइसकेका छन् भने आठ शाखा नहर निर्माणको अन्तिम चरणमा छन् ।

उक्त क्षेत्रमा पाँच हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने संरचना तयार भए पनि भारतीय पक्षले टनकपुरबाट नहरमा पानी नछाड्दा नहर निर्माण भएको वर्षौं बितिसक्दा पनि पानी सञ्चालन हुनसकेको छैन । महाकाली सिँचाइ आयोजना तेस्रो चरणका आयोजना निर्देशक गणेश मरासिनीले भारतले टनकपुरबाट नहरमा पानी न छोड्दा नहर बने पनि यहाँका किसानले सिँचाइ सुविधा पाउन नसकेको बताउनुभयो ।

"निर्माण सम्पन्न भएको नहरमा चार वर्षअघि नै परीक्षणसमेत भइसकेको हो, त्यसपछि भारतीय पक्षले नहरमा पानी छोडेको छैन", उहाँले भन्नुभयो, "पाँच हजार हेक्टरमा सिँचाइ उपलब्ध गराउने संरचना तयारी अवस्थामा छन् ।" चार वर्षअघि उक्त नहर परीक्षणका क्रममा टनकपुरबाट आएको पानीले धान दिवससमेत मनाइएको थियो । त्यसपछि भने नहरमा पानी आउन सकेको छैन ।

निर्देशक मरासिनीले टनकपुरबाट पानी छोड्नका लागि थुप्रै प्रयास भए पनि नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपीसी)ले पानी छोड्न नमानेको बताउनुभयो । "यसका लागि माथिल्लो निकायबाट पहल हुन जरुरी छ, हामीले पटकपटक पहल गरिरहेका छौं", आयोजना निर्देशक मरासिनीले भन्नुभयो, "यस विषयमा माथिल्लो निकायमा जानकारी गराइसकेका छौं ।"

टनकपुरस्थित एनएचपीसीका कर्मचारीले दिल्लीको आदेश आउनेबित्तिकै पानी छोड्छौं भन्ने जवाफ आयोजना कार्यालयलाई दिने गरेका छन् । दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा उक्त आयोजनाको उद्घाटन गरेपछि मात्रै नहरमा पानी आउने अवस्था बनेको छ । प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणका क्रममा यस विषयले प्राथमिकता पाउनसके नेपालले महाकाली सन्धिअनुसार महाकाली नदीबाट पानी पाउने अपेक्षा गरिएको छ ।

महाकाली सन्धि सम्झौताअनुसार भारतीय पक्षले टनकपुरबाट नेपालको सीमासम्म निर्माण गर्नुपर्ने एक हजार २०० मिटर नहर निर्माण सम्पन्न गरिसकेको छ । सन्धि सम्झौताअनुसार टनकपुर ब्यारेजबाट हिउँदमा ३०० क्यूसेक र वर्षात्मा एक हजार क्यूसेक पानी नेपालले पाउनुपर्ने उल्लेख छ । आव २०६३/६४ देखि सुरु भएको महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाका लागि सुरुआतदेखि नै पर्याप्त बजेट नहुँदा निर्माणकार्यले गति लिन सकेनको थिएन । सरकारले आव २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निर्माणले गति लिएको थियो । ***(रासस)***

स्याउ विकास बोर्डको स्थापनाका लागि राय सुझाव माग

जुम्ला, १५ कार्तिक । कर्णाली प्रदेशमा स्याउ विकास बोर्डको स्थापना तथा सञ्चालन सम्बन्धमा जुम्लाका सरोकारवालासँग शनिबार राय सुझावको माग गरिएको छ ।

स्याउ संसदीय स्याउ सरोकार समूहको अयोजना तथा कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको समन्वयमा भएको कार्यक्रममा मन्त्रालयका सचिव चन्द्रप्रसाद रिसालले जुम्लालगायत माथिल्लो कर्णालीको स्याउ उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले स्याउ विकास बोर्ड गठनको तयारी थालेको छ । मन्त्रालयबाट बोर्ड गठनका लागि चाहिने नीतिगत तथा कानुनी कामहरू भइरहेको बताउनुभयो ।

कर्णालीको स्याउलाई बजार पाउने सुनिश्चित गर्नका लागि स्याउ बोर्ड गठनको कामलाई मन्त्रालयले प्राथमिकतामा राखेर काम गरिरहेको कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव रिसालको भनाइ थियो । स्याउ उत्पादनको प्रमुख पकेट क्षेत्रका रूपमा परिचित जुम्लामा स्याउ विकास बोर्ड स्थापना गर्नका लागि प्रदेश सरकारको काँधमा आएको छ । प्रदेश सरकारले स्याउको उत्पादन, बजारीकरण, प्रवर्द्धन, विस्तार तथा समग्र विकासलाई व्यवस्थित बनाउन स्याउ विकास बोर्ड गठन गर्ने आजको आवश्यता रहेको नागरिक समाज जुम्लाका संयोजक राजबहादुर महतले जानकारी दिनुभयो ।

बोर्ड स्थापना भएपछि स्याउ उत्पादनहुने जिल्लाका किसानले प्रत्यक्ष लाभ लिनसक्ने र स्याउ क्षेत्रको विकासमा सहयोग पुग्ने जिल्लाका किसानले आफ्नो धारण राखेका थिए । कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीका अनुसार जिल्लामा स्याउखेतीको क्षेत्रफल निरन्तर विस्तार भइरहेको छ । अहिले जिल्लामा कुल चार हजार ६०४ हेक्टर क्षेत्रफलमा स्याउखेती भइरहेको छ । त्यसमध्ये ५३ हेक्टरमा फुजी र गाला जातका स्याउखेती हुने गरेको छ । जुम्लाका २४ हजार ८३८ घरपरिवारमध्ये १९ हजार ३९१ घरपरिवार स्याउखेतीमा संलग्न रहेको कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो । ***(रासस)***

चाडपर्वमा चम्किन्छ माटाका भाँडाको बजार, वर्षभरि सुस्ताउँछ कारोबार

जनकपुरधाम, १५ कार्तिक । दीपावली र छठको पूर्व सन्ध्यामा जनकनन्दनी गाउँपालिका-४ खजुरीका कुमाल दियो, कलश, घैँटो, हाँडी, धुपौरो, हात्ती, कोसिया, कुर्वार, मट्का बनाउन व्यस्त छन् ।

बिहान सखारैदेखि साँझ अबेरसम्म उनीहरू माटो र चक्रमै व्यस्त भेटिन्छन् । कसैका हात माटो मुछ्नमा जुटेका छन् भने कसैले चक्र घुमाउँदै माटाका डल्लालाई आकार दिइरहेका छन् । चाडपर्वको रौनकसँगै सो बस्तीका कुम्हाल समुदायका घरआँगनमा माटाका सामग्री बनाएको हेर्नेहरू पनि भेटिन थालेका छन् ।

वर्षभरि सुस्त रहने माटाका सामग्रीको कारोबार दीपावली र छठको समयमा केही बढ्ने आशाले उहाँहरू अहिले उनीहरू उत्पादनमा केन्द्रित छन् । "कारोवार वर्षभरि सुस्त रहन्छ, चाडपर्वको समयमा मात्र बिक्री हुन्छ", खजुरीका पूतम पण्डितले भन्नुभयो, "त्यसैले अहिले पाला बनाउन हामी व्यस्त छौं ।"

उहाँहरूका लागि यो समय केवल चाडपर्वको तयारी मात्र होइन, वर्षभरि थन्किएको पेसाबाट केही आम्दानी गर्ने अवसर पनि हो ।

"कुनै समय घरघरमा माटाका भाँडाकुँडा प्रयोग गर्ने चलन थियो, पानी राख्न घैँटो, खाना पकाउन हाँडी, पूजा गर्न कलश र दीपावलीमा घरआँगन उज्यालो बनाउन दियो अनिवार्यजस्तै मानिन्थ्यो," रामनारायणले भन्नुभयो, "तर, अहिले ती स्थान क्रमश: आधुनिक सामग्रीले लिन थालेका छन् । चाडपर्वमा पनि माटाका सामग्रीको प्रयोग सीमित हुँदै जानुले परम्परागत पेसामा निर्भर परिवारको आम्दानी प्रभावित हुन थालेको छ ।"

बजारमा प्लास्टिकका सामग्रीको चमक बढ्दै गर्दा माटोसँग जोडिएको परम्परागत पेसाको उज्यालो निभ्न नदिन राज्य, स्थानीय सरकार र उपभोक्ता सबैको साथ आवश्यक देखिएको कुमाल समुदायको भनाइ छ । ***(रासस)***

। सम्पादकीय ।

महाभियोग कसको विरुद्ध दर्ता हुने हो ?

रास्वपाले बिचौलिया इनम सापकोटासँग नाम जोडिएका सर्वोच्च अदालतका न्यायाधीशविरूद्ध महाभियोग लगाउने सार्वजनिक भयो तर बिचौलिया सापकोटाको सम्बन्ध सर्वोच्चका न्यायाधीश हरिप्रसाद फुयाँल सँगसँगै प्रधानन्यायाधीश मनोजकुमार शर्माको नाम पनि गरिएको आम सञ्चारमा सार्वजनिक भयो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले केही महिनाअघि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बैठकमा रास्वपा सरकारको कार्यकालमा पनि बिचौलिया सक्रिय भएको खुलासा गरेका थिए तर त्यसयता पनि रास्वपा सचेत भएन, मौन रह्यो ।

यतिबेला रास्वपाले सर्वोच्चका प्रधानन्यायाधीश वा न्यायाधीश कसको विरूद्ध महाभियोग प्रस्ताव राख्ने तयारी गरेको हो खुलाएको छैन । सर्वोच्चका प्रधानन्यायाधीश र न्यायाधीशहरूको नियुक्त प्रक्रिया प्रधानमन्त्री अध्यक्ष हुने संवैधानिक परिषद्को सिफारिसबाट हुने हो । यसकारण, महाभियोगमा पर्ने कुन न्यायाधीशलाई कुन प्रधानमन्त्रीले सिफारिस गरेको सोसमेत छानबिन गरी संवैधानिक परिषद्का अध्यक्ष र सदस्यहरूलाई पनि जवाफदेही बनाउनु जरूरी भएको बताउनेहरू पनि छन् ।

रास्वपाले समग्र न्याय क्षेत्रको पुन: संरचना गर्नुपर्ने विषय पनि उठायो । अहिलेको 'वकिल घुस खुवाउँछ र न्यायाधीश घुस खान्छन्' को स्थितिलाई अन्त्य गर्न सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीश न्याय क्षेत्रसँग सम्बन्धितहरूबाट निर्वाचन गराई नियुक्ति गर्ने संवैधानिक व्यवस्था गर्नु जरूरी हुन्छ । रास्वपाले सर्वोच्च अदालतको चौथो वरियताका न्यायाधीश शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । अहिले तिनै प्रधानन्यायाधीश शर्माको नामसमेत बिचौलियासँग जोडिएको सार्वजनिक भएको हुँदा यसमा रास्वपा पनि नैतिक जिम्मेवार हुनुपर्छ। अहिले सर्वोच्च अदालतका प्रधानन्यायाधीश शर्माविरूद्ध महाभियोग लगाउन रास्वपा सहमत नहुने र न्यायाधीश फुयाँलविरूद्ध महाभियोग लगाउन नेका, एमाले र माओवादी सहमत नहुने अवस्था भएको पनि बाहिरियो ।

सर्वोच्च अदालतका न्यायाधीश र बिचौलियाबिचको साँठगाँठबारे समाचार प्रकाशन गरेका पत्रकारहरू नेपाल प्रेसका विश्वमणि सुवेदी, डीएनए खबरका धीरज बस्नेत र मोटिभेट न्यूजका शुभराज बराललाई रास्वपा सरकारले पक्राउ गरेको थियो । पत्रकार पक्राउको सर्वत्र विरोध भएपछि नयाँ पत्रिका दैनिक र दियो पोस्ट अनलाइनका पत्रकार पक्राउ गर्न रास्वपा सरकार हच्किएको भने पक्राउ गरिएका तीन पत्रकारलाई पनि छाडिएका थिए ।

रास्वपका सभापति लामिछानेले पत्रकार पक्राउबारे संविधान र प्रजातन्त्रभन्दा माथि कोही नहुने भन्दै अधिकार हननमा संलग्नलाई कारबाही हुने बताए । प्रधानमन्त्रीका सल्लाहकार असिम साहले पत्रकार पक्राउको जानकारी रास्वपा सचिवालयमा जानकारी दिएको बताए । यसको अर्थ जवाफदेही रास्वपा पार्टी र सभापति लामिछाने नै हुनुपर्ने भयो । साहले पत्रकार पक्राउको सामान्य जानकारी गृहमन्त्रीबाट आएको स्वीकार गरेको तर प्रधानमन्त्री कार्यालयले पक्राउबारे जानकारी नभएको वक्तव्य दिएको पनि विरोधाभास भयो । नेका, एमाले, माओवादी सरकारको बेला यस्तै दोधारे र अस्पष्ट विषय आउँथ्यो; अहिले रास्वपाको सरकारमा पनि आयो । यसले सरकारमा गएका सबै दल एकैड्याङ्का मूलाजस्तै भएको पुष्टि भयो ।

भोलाछेँ पोखरीको संरक्षण कसले गर्ने ?

भक्तपुर नगरपालिकाभित्र हाल ३४ वटा पोखरी रहेको तथ्याङ्कले देखाएको छ । प्राय: सबै पोखरी पुरानो अवस्थाबाट सुधारी नयाँ युग सुहाउँदो कलात्मक ढङ्गले चिटिक्क पारी पुनर्निर्माण भइसकेका छन् । त्यसमध्ये भनपा ६ को भोलाछेँ पोखरी (भौल्वा पुखु) राम्रै र आकर्षक रूपमा निर्माण गरिसकेको छ । पोखरीको चारैतर्फ पेटीमा गमला राखेका छन् । पर्खालको रङ्गीविरङ्गी बत्ती बल्ने गरेका छन् । पोखरीमा माछा पालिएका छन् । पोखरीको चारैतर्फ सफा र सुन्दर छ ।



पाठक पत्र

त्यसैले, धेरै मानिसहरू दिउँसो, साँझ र बेलुका घुम्न आउँछन् । रमाइलो मानी फोटो खिच्छन्, टिकटक बनाउँछन् । अझ बेलुका त एउटा सुन्दरीजस्तै टोल नै झलमल हुने गर्छ । बिहान-बेलुका टाढा जान नसकेका मानिस घुमघाम गर्छन् । स-साना नानीदेखि ज्येष्ठ नागरिकसम्म आनन्द लिने गर्छन् । दसैँपछि उक्त पोखरीको लगभग एक फिटभन्दा बढी पानी सुकिसकेको छ । सायद पानी चुहिएको हुनुपर्छ । तर, सरोकारवाला सङ्घसंस्था र चारैतिर बसोबास गर्ने स्थानीयवासीहरूले ध्यान दिइरहेको देखिँदैन । भोलाछेँ पोखरी संरक्षण समिति छ, अगाडि वडा कार्यालय छ । तर, पोखरीको फोहोरा चलेको छैन । बोरिङको पानी निकालिएको छैन । गमलामा रोपेका फूलहरू सुक्न थालेका छन् । भोलाछेँ क्षेत्रका सचेत तथा असल नागरिकहरू र सम्बन्धित सरोकारवालाहरूको समयमै ध्यान जाओस् ।

- हरिश केसी, चाँगु - ४

नेपाल–भारत सम्बन्धमा देखापरेका गलत समझदारी र सही समाधानका उपायहरू – ५

नारायणमान बिजुक्छेँ (रोहित)

*(हाल रास्वपा सरकारका जिम्मेवार व्यक्तिहरू तथा मन्त्रीहरूले बिनाअध्ययन र जानकारी नेपाल–भारत सम्बन्धका बारेमा गलत अवधारणा र अभिव्यक्ति दिँदै आएको हुँदा सबै पाठकको लागि नेपाल–भारत सम्बन्धका गलत समझदारीहरू र सही समाधानका उपायहरूको लागि **नारायणमान बिजुक्छेँ (रोहित)** द्वारा लिखित '**नेपाल-भारत सम्बन्ध र भारत**' पुस्तकको खण्ड १ को अध्याय ३ लाई साभार गरिएको छ –सं.)*

श्रीमन नारायण बनारसमा बसेका नेपाली कम्युनिस्टहरूलाई 'चीन समर्थक, तर रुस समर्थकजस्तो नक्कल गर्नेहरूसँग, नेपाल सरकार 'सशङ्कित' भएकोले छिट्टै 'प्रस्ट्याउन' चाहनुहुन्थ्यो । तर, समयले बताइदियो कि श्रीमन नारायणको त्यो ठम्याइ पनि उल्टो सिद्ध भयो । बनारस बस्ने नेपाल कम्युनिस्ट पार्टीको एक गुटले रुसी संशोधनवादको 'विरोध' भन्ने गर्छ । तर, 'बङ्गलादेश' बारे भारतीय थिचोमिचोको समर्थन गऱ्यो र नेपाल-भारत वाणिज्य वार्ताबारे चमेरे नीति लियो । बनारसकै अर्को गुटले रुसलाई 'सामाजिक-साम्राज्यवाद' भन्न स्वीकार नगरेको मात्रै होइन कि समर्थनसमेत गर्छ, यो गुट अहिले दिल्लीमा कुञ्जिएको छ । आखिर नेपाल सरकारलाई 'सशङ्कित' पार्ने र 'आतङ्कित' पार्ने तत्त्व 'चीन समर्थक' कम्युनिस्टहरू नभएर भारत समर्थक, अझ इन्दिरा समर्थक प्रजातन्त्रवादी नै साबित भए । यसमा पनि श्रीमन नारायणको ठम्याइ तासको घरजस्तै भत्क्यो । हो, उहाँको त्यस ठम्याइले बनारस बस्ने केही नेपाली कम्युनिस्टहरूलाई एक अनावश्यक दबाब पऱ्यो होला भन्ने अनुमान गर्न सकिन्छ ।

श्रीमन नारायणले नेपालमा आफ्नो प्रयास नेपाल-भारतको आपसी सम्बन्धसम्म मात्रै सीमित नराखेर चीनविरोधी गतिविधिका सबै प्रयासहरू गर्नुभएको थियो भन्ने उहाँकै भनाइहरूबाट प्रस्ट छ । नेपाल-चीन सम्बन्धमा तीतोपना ल्याउने उहाँको प्रयासले केही नगरे पनि नेपाललाई चीनबाट पाइने नेपाल तराईका केही विकास योजनाहरू भने जरुरै रोकिए । नेपाल-चीन सम्बन्ध धमिल्याउने कुरामा उहाँ असफल जरुरै हुनुभयो किनभने त्यो उहाँको सीमाभन्दा बाहिरको कुरो थियो । नेपाल तराईमा चीनको सहयोगबाट बनिने रद्द भएका योजनाबाट चीनलाई होइन, नेपाललाई फाइदा हुन्थ्यो र भारतलाई होइन, नेपाललाई नोक्सान भयो । मित्रताको निम्ति कहिलेकाहीं सानातिना योजनालाई त्यागनु अथवा तीतो घुटको पनि मीठो मानी निल्नुपर्ने हुन्छ । श्रीमन नारायण यसमा नेपालमा सफल हुनुभएको थियो ।

तर, उहाँको 'भारत र नेपाल' को एक तीतो सारांश-नेवार वा केही नेपाली जनसमुदाय 'चीन समर्थक' र 'भारतविरोधी' र 'माओवादी' हुन् भन्ने ठम्याइलाई प्रस्ट नगरी हुन्न । तथ्यले साबित गर्नेछ कि उहाँको त्यो ठम्याइ मौलिकरूपले खोटो छ । उहाँ जस्तै भारतका अरू पनि नेपालविद्हरूमा त्यसबारे खोटो ठम्याइ छ । वास्तविक स्थिति र तथ्यबाट उहाँहरूलाई जिब्रो टोक्न लगाउनेछ र आफ्नो ठम्याइमा पुन:विचार गराउन घच्घच्याउनेछ ।

जातीयरूपले नेवारहरूमात्रै होइनन्, नेपालका कुनै पनि जाति भारतविरोधी छैनन् । तर, राजनैतिकरूपले नेपालका सबै जातिका जनता भारतीय एकाधिकार पुँजीको थिचोमिचोको विरोधी छन् । यो नेपाली जनतामा बढ्दै गएको राष्ट्रिय भावना र प्रजातान्त्रिक भावनाको विकासको लक्षण हो । अर्को शब्दमा नेपाली समाजमा वर्गीय चेतनाको विकासको सङ्केत हो । त्यस्तै नेपाली जनता चिनियाँ जनताको साम्राज्यवाद र उपनिवेशवादविरोधी सङ्घर्ष र अडानलाई समर्थन गर्छन् र तिनीहरूको आश्चर्यजनक चौतर्फी विकासलाई एक एसियाली र छिमेकी देशको नाताले प्रशंसा गर्छन् र त्यसको सिको पनि गर्छन् । यसलाई नै 'चीन समर्थक' संज्ञा दिने हो भने भारत नै एसियामा सबभन्दा पहिलो र सबभन्दा ठुलो 'चीन समर्थक' थियो । आज नेपाली जनता चीनको विकास र प्रगतिबाट प्रभावित भएजस्तै हिजो भारतको स्वतन्त्रता आन्दोलन र प्रगतिबाट प्रभावित थिए । के यस दृष्टिले नेपाल 'भारत समर्थक' हो ? आज नेपालको घर-घरमा माओ त्सेतुङ र चीनका तस्बिरहरू देखिएजस्तै भगत सिंह, चन्द्रशेखर 'आजाद', सुभाषचन्द्र बोस, गान्धी, नेहरू र भारतका तस्बिरहरू छन् । कोठाको एक कुनामा ताजमहल पनि पाउनु हुन्छ । नेपालको प्राचीन हरेक मन्दिरको ढोका र तोरणमा चीनको 'ड्राग्न' (छेफो) का मूर्ति, सिंह र चिनियाँ कला कुँदिएको हुन्छ भने देव-देवता हिन्दू धर्मशास्त्रअनुसार कुँदिएको हुन्छ । यसले थाहा हुन्छ- श्रीमन नारायणको 'चीन समर्थक' धारणा एक दृष्टिदोषमात्रै हो । हाइड्रोजन र अक्सिजनको योगले नयाँ वस्तु पानीको अस्तित्व भएजस्तै चिनियाँ र भारतीय संस्कृतिको योगबाट नेपालले नयाँ कला र संस्कृतिको विकास गऱ्यो । यसकारण, नेपाललाई 'चीन समर्थक' को तक्मा लगाउन खोज्नु वा नेपाललाई 'भारत समर्थक' बनाउन खोज्नु दुवै त्यतिकै अवास्तविक हुन् । हो, नेपालका प्रगतिशील तत्त्व 'माओवादी' छन्, जस्तै भारतीय र संसारका अरू प्रगतिशील तत्त्व हुन्छन् । किनभने, 'माओवादी' लाई 'भारत विरोधीवाद' को रूपमा लिनु त दर्शन र विज्ञानलाई साँघुरो शब्दावलीमा थुन्नु जतिकै हो । माओ त्सेतुङ विचारधारा त साम्राज्यवाद अन्तिम अवस्थामा डुबिरहेको र समाजवाद विश्वव्यापी विजयतिर बढिरहेको युगको मार्क्सवाद हो । यो हाम्रो युगको लेनिनवाद हो । माओ त्सेतुङ विचारधारालाई एक विश्वव्यापी विज्ञानको रूपमा अध्ययन गर्नुपर्ने दर्शन हो । यसकारण, यसबारे श्रीमन नारायणको हेराइ साह्रै काँचो र केटाकेटी छ । जातीयरूपले हेरेको खण्डमा नेपालको कम्युनिस्ट आन्दोलनमा नेवार मार्क्सवादीहरूको योगदान कम छैन (प्रसङ्गले गलत अर्थ नलागोस् भनेर भनिहालूँ-मार्क्सवाद र मार्क्सवादीहरूलाई जातीय घेराभित्र गुन्नु मार्क्सवादविरोधी कुरा हो ।) तर, सङ्ख्याको हिसाबले तिनीहरूको आकार सानो छ । मनमोहन अधिकारी, डी.पी. अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, कमलराज रेग्मी, केदारनाथ खनाल, लीलाराज उपाध्याय, बासुदेव ढुङ्गाना, भरतमोहन अधिकारी, कमल कोइराला, राधा घिमिरे, पुण्य आचार्य आदि ठुलो सङ्ख्यामा ब्राह्मण जातिबाट राष्ट्रिय र अञ्चलीय नेताहरू देखापरेका थिए । त्यस्तै प्रगतिशील साहित्य फाँटमा श्यामप्रसाद उपाध्याय, गोविन्दप्रसाद लोहनी, भवानी शर्मा, मदनमणि दीक्षित, धनुषचन्द्र गौतम, बालकृष्ण पोखरेल, सरिता ढकाल, आनन्ददेव भट्ट, कृष्णप्रसाद शर्मा, 'सर्वहारा', देवीप्रसाद 'पोखरेल' (केबुलपुरे किसान), अरविन्द रिमाल, गोविन्द भट्ट आदि थिए । नयाँ पुस्तामा पनि ब्राह्मण परिवारबाट थुप्रै कम्युनिस्ट नेताहरू देखापरेका छन् । एकदेव गुरु, मदन पोखरेल, हरेराम शर्मा, मधुगुरु आदि पश्चिम नेपालबाट देखिन्छन् भने पूर्वबाट शिवप्रसाद शिवाकोटी, श्रीनारायण ओली, धर्म घिमिरे, राधा मैनाली, ऋषि देवकोटाजस्ता नयाँ नेताहरू थपिँदै छन् । प्रगतिशील साहित्यको फाँटमा पनि मोदनाथ प्रश्रित, गोविन्द ज्ञवाली, रामचन्द्र भट्टराई, यू.के. झापा, प्रकाशचन्द्र मैनाली, मोहनचन्द्र अधिकारी आदि विभिन्न ब्राह्मण परिवारबाट लेखक, कवि र कलाकारहरूको नयाँ पुस्ता माथि उठ्दै छन् ।

त्यस्तै अरू जातिबाट डा. केशरजङ्ग रायमाझी, हिक्मत सिंह, कमर शाह, निर्मल लामा, पी.एन. राणा, मोहनविक्रम सिंह, कृष्णराज बर्मा, विष्णुकुमार तुम्बाहाम्फे, सहिद उद्दीन, मकबुल शाह, सूर्यनाथ यादव, हरदयाल, जयगोविन्द आदि नाउँ चलेका कम्युनिस्ट नेताहरू देखापरेका थिए । नयाँ पुस्तामा हर्षबहादुर खड्का, डम्बर बान्या (क्षेत्री) मङ्गलमणि सुनार, बुद्धसिंह मेचे आदि देखापरेका छन् । साहित्यको फाँटमा भूपी शेरचन, टी.आर. विश्वकर्मा, पी.वी. सिंह, डी.वी. सिंह, मदन भण्डारी, गणेश पण्डित, पदमसिंह कार्की, गाउने साहिँलो आदि देखापरेका थिए र देखा पर्दै छन् । मजदुर र किसान आन्दोलनमा काम गर्दागर्दै सहिद भएका र पछि रोगले मरेकाहरूमध्ये एकदेव आले, मुखलाल महतो, कंछु यादव, अघोरी यादव, डी.पी. शर्मा, कैलाशपति र झापाबाट नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन्द्र राजवंशी, रामनाथ दाहाल आदि र अरू ठाउँमा सहिद भएका थुप्रै नेता र कार्यकर्ता ब्राह्मण र अरू जातिका छन् ।

> *जातीयरूपले नेवारहरूमात्रै होइनन्, नेपालका कुनै पनि जाति भारतविरोधी छैनन् । तर, राजनैतिकरूपले नेपालका सबै जातिका जनता भारतीय एकाधिकार पुँजीको थिचोमिचोको विरोधी छन् । यो नेपाली जनतामा बढ्दै गएको राष्ट्रिय भावना र प्रजातान्त्रिक भावनाको विकासको लक्षण हो । अर्को शब्दमा नेपाली समाजमा वर्गीय चेतनाको विकासको सङ्केत हो । त्यस्तै नेपाली जनता चिनियाँ जनताको साम्राज्यवाद र उपनिवेशवादविरोधी सङ्घर्ष र अडानलाई समर्थन गर्छन् र तिनीहरूको आश्चर्यजनक चौतर्फी विकासलाई एक एसियाली र छिमेकी देशको नाताले प्रशंसा गर्छन् र त्यसको सिको पनि गर्छन् । यसलाई नै 'चीन समर्थक' संज्ञा दिने हो भने भारत नै एसियामा सबभन्दा पहिलो र सबभन्दा ठुलो 'चीन समर्थक' थियो ।*

नेवार जातिबाट पुष्पलाल श्रेष्ठ, तुल्सीलाल अमात्य, शम्भुराम श्रेष्ठ, रामबहादुर श्रेष्ठ पुराना नेताहरूमध्ये हुन् भने सिद्धिलाल सिंह, आजाद, बी.ए. कृष्ण, विष्णु मानन्धर, नरेश शाक्य आदि नयाँ पुस्तामा आउँछन् । प्रगतिशील साहित्यको फाँटमा हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, माणिकलाल श्रेष्ठ, हिरण्यलाल श्रेष्ठ आदि प्रमुख छन् । सहिद हुनेहरूमा नेपाली काङ्गेसको सरकारको गोलीबाट चिनियाँकाजी श्रेष्ठ र पञ्चायती व्यवस्थाको गोलीबाट झापाका नारायण श्रेष्ठ हुन् । माथिका ब्राह्मण, क्षेत्री र अरू जातिहरूको तुलनामा नेवार जातिबाट कम नेताहरू र साहित्यकारहरू देखापरेका छन् । साँचो भन्ने हो भने नेवार, ब्राह्मण र क्षेत्री जातिका बुद्धिजीवीहरू नै पहिले मार्क्सवादी दर्शनको नजिक पुगे । तिनीहरूले नै देशका अरू जाति र मजदुर - किसानहरूमा साम्यवादी विचारहरू फैलाएका थिए । आज त्यो विचारधारा देशको तल्लो जाति र वर्गमा पुगिसकेको छ । मार्क्सवाद एक मानसिक शक्ति हो, नेपालमा अब त्यो भौतिक शक्तिमा फेरिने अवस्थामा छ ।

माथिका सबै तथ्यहरूले नेपालमा प्रगतिशील विचारधारा र कम्युनिस्ट सिद्धान्त फैलिनुमा जातिवादी कारण होइन बरु त्यो त नेपाली जनताको राजनैतिक चेतनाको विकासको फल हो भने साबित गर्छ । *(तर यस कुरालाई भने बिर्सनु हुन्न कि माथि उल्लेख गरिएका कति व्यक्तिहरूले आफ्नो प्रगतिशील विचार र कम्युनिस्ट सिद्धान्तलाई त्यागिसकेका छन् ।)* हिन्दू-सामन्ती राज्यहरूमा ब्राह्मण जातिले अरू जातिको तुलनामा पढाइ-लेखाइ र अरू क्षेत्रमा विशेष सहुलियत पाएको हुन्छ, जसमा ऐतिहासिक पृष्ठभूमि छ । ब्राह्मण जाति स्वयं पहिले शासकवर्गका थिए । समाजको विकासले श्रम विभाजन सुरु भयो र श्रम विभाजनले समाजलाई दक्षता दियो र समाज अगाडि बढ्यो । दास युग सामन्त युगमा भित्रिँदै गयो । ब्राह्मण जाति शासकवर्गबाट शासनको बौद्धिक पक्षमा दक्षता हासिल गर्दै गयो ।

अब त्यो जाति गुरुकुलका कुलपति, शिक्षा, कला र संस्कृति, अनि नीति विधि-विधानका हर्ताकर्ता भए । विद्या, अध्ययन र अध्यापन तिनीहरूको पेसा बन्यो । संस्कृत विद्यालयहरूमा छात्रवृत्ति पाएर बौद्धिक विकास गर्ने सहुलियत पाउँदै गए । त्यस पेसा र सहुलियतले गर्दा नै अरू जातिको तुलनामा ब्राह्मण जातिबाट बढी सङ्ख्यामा बुद्धिजीवीहरू तयार हुन गएको हो । बुद्धिजीवीहरू मार्क्सवादजस्तो वैज्ञानिक दर्शनप्रति आकर्षित हुनु स्वाभाविक पनि हो । यो कुरो भारतमा पनि लागू छ । भारत धर्मनिरपेक्ष र गणतान्त्रिक देश मानिए पनि जातीय सहुलियतको सामन्ती संस्कार भने बाँकी नै छ । यो हिन्दू साम्राज्यकै सिलसिला र बाँकी बक्यौता हो । यसकारण, भारतीय कम्युनिस्ट आन्दोलनका पुराना नेताहरू ब्राह्मण र अरू माथिल्ला जातिबाटै धेरै थिए । आज पनि भारतका कति राज्यहरूमा यो अपवाद छैन । त्यस्तै नेपालमा पनि राणाकालमै आर्थिकरूपले अगाडि बढेका, शाह र राणाहरूका गुरु-पुरोहित, पण्डित र चाकडीबाज ब्राह्मण परिवारले जागिर, बक्सिस, जमिनदारी पाएर आर्थिकरूपले सबल भए । तिनीहरूकै छोरा-छोरीहरू भारतका विभिन्न सहरहरूमा संस्कृत र अङ्ग्रेजी शिक्षा हासिल गर्ने मौका पाउँदै गए । अध्ययनकै सिलसिलामा तिनीहरू भारतीय स्वतन्त्रता आन्दोलनको आँधीबेहरीमा हुरिए । त्यसकै प्रभावले तिनीहरूमा पनि देशभक्ति र साम्राज्यवादविरोधी भावना बढ्दै गयो । भारतीय प्रगतिशील जनताकै संसर्गमा तिनीहरू मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारासम्म पुगेका थिए ।

लुलाको जित ल्याटिन अमेरिकाका लागि एउटा मोड बन्न सक्छ

✍ गिलम लङ

(ब्राजिलको राष्ट्रपतीय निर्वाचनको नतिजाले यो देखाउँछ कि ल्याटिन अमेरिकामा अति-दक्षिणपन्थी लहर आउनु अपरिहार्य छैन ।)

८० वर्षको उमेरमा, राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले एक असाधारण राजनीतिक जित हासिल गरेका छन् । पूर्वराष्ट्रपति जायर बोल्सोनारोका छोरा फ्लाभियो बोल्सोनारोसँग पहिलो चरणमा ४७ प्रतिशतका विरुद्ध ४५ प्रतिशत मतले पराजित भएपछि लुलाले सबै प्रतिकूलतालाई चिर्दै दोस्रो चरणमा ५१.८ प्रतिशत मत प्राप्त गरी शानदार जित हासिल गरे; सो चरणमा बोल्सोनारोले ४८.२ प्रतिशत मत पाएका थिए ।

लुलाको विजयले चुनावअघिका सबै सर्वेक्षणहरूलाई गलत साबित गरिदियो र चुनावी अभियानमा आएको त्यो नाटकीय पुनरुत्थानलाई सफल निष्कर्षमा पुऱ्यायो, जसको अपेक्षा निकै कम मानिसले गरेका थिए ।

ल्याटिन अमेरिकाको सबैभन्दा ठुलो मुलुकमा लुलाको जितले ब्राजिलमा अति दक्षिणपन्थीहरूको सत्तामा पुनरागमनलाई रोक्ने काम मात्र गर्दैन । यसले यस क्षेत्रमा दक्षिणपन्थीहरूको लगातारको चुनावी जितको शृङ्खलालाई तोडेको छ र पश्चिमी गोलार्द्धमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बढ्दो हस्तक्षेपकारी एजेन्डामा ठुलो धक्का पुऱ्याएको छ ।

पहिलो चरणमा बोल्सोनारोले अप्रत्याशित रूपमा लुलालाई पराजित गर्दा, त्यस नतिजाले ब्राजिल र त्यसभन्दा बाहिर पनि ठुलो हलचल मच्चायो । लुला सरकारको बलियो सामाजिक-आर्थिक कार्यसम्पादनलाई हेर्दा, यो हार विशेष रूपमा आश्चर्यजनक थियो । त्यसपछिका तीन हप्तासम्म एक असाधारण राजनीतिक परिचालन देखियो, जसले लुलाको मजदुर पार्टी (Worker's Party) को सुस्त पहिलो चरणको चुनावी अभियानलाई ब्राजिलमा लोकतन्त्र र सार्वभौमसत्ताको भविष्यसँग जोडिएको एक निर्णायक अस्तित्वको लडाइँमा परिणत गरिदियो ।

आर्थिक नतिजालाई हेर्दा यो पराजयतर्फ उन्मुख सरकारको जस्तो पक्कै थिएन । सन् २०२३ देखि २०२५ को बिचमा ब्राजिलको अर्थतन्त्र कुल ९.२ प्रतिशतले वृद्धि भयो, जबकि दक्षिण अमेरिकी छिमेकी मुलुकहरूमा यो वृद्धिदर औसतमा ५.६ प्रतिशतको रह्यो । बेरोजगारी सन् २०२२ को ९.३ प्रतिशतबाट घटेर सन् २०२६ मा ५.४ प्रतिशतको ऐतिहासिक न्यून बिन्दुमा आइपुग्यो ।

ब्राजिल सन् २०२५ मा संयुक्त राष्ट्रसङ्घको भोक नक्सा (Hunger Map) बाट बाहिरिएको छ भने (जायर) बोल्सोनारोको अघिल्लो प्रशासनकालमा पुनः समावेश भएको थियो । अमेजन वन विनाश दशकयताकै न्यून स्तरमा झरेको छ, जुन लुलाको पूर्ववर्तीको पालामा देखिएको प्रवृत्तिको ठीकविपरीत हो ।

लुला प्रशासनअन्तर्गत सबै कुरा सुखद भने थिएन । लाखौँ ब्राजिलीहरू क्रेडिट कार्डको ऋणमा फसेका छन् र अत्यधिक उच्च ब्याजदरको मार खेपिरहेका छन् । अर्कोतर्फ, अनलाइन जुवाको व्यापक विस्तारले धेरै परिवारको जीविका तहसनहस पारिदिएको छ । निर्वाचनको दोस्रो चरणको नतिजाले समाजमा असन्तुष्टि रहेको स्पष्ट सङ्केत दिएको छ ।

लुलाले असाधारण रूपमा साहसी कदमहरू चाले - ऋण राहतसम्बन्धी व्यापक पहल र अनलाइन सट्टेबाजीमा प्रतिबन्ध, सामाजिक लाभहरूको विस्तार, इन्धनमा अनुदान र हप्तामा छ दिनको सट्टा पाँच दिन काम गर्ने व्यवस्था । यी नीतिहरूले सरकारका समष्टिगत आर्थिक (Macroeconomic) उपलब्धिहरूलाई ब्राजिलका मतदाताहरूको दैनिक जीवनमा भोगिरहेको आर्थिक चिन्ताहरूसँग पुनः जोड्ने प्रयास गरे ।

बोल्सोनारोले ब्राजिलका लागि एकदमै फरक दृष्टिकोण प्रस्तुत गरे - व्यापक सरकारी खर्च कटौती, निजीकरण, करमा कमी र सबैभन्दा महत्त्वपूर्ण कुरा - अपराध तथा असुरक्षाविरुद्ध कठोर कदम । उनका प्रस्तावहरूमा एल साल्भाडोरको कुख्यात कारागार प्रणालीको ढाँचामा पाँचवटा उच्च सुरक्षासहितका जेलहरू निर्माण गर्ने तथा भारी हतियारधारी अपराधीहरूविरुद्ध घातक बल प्रयोग गर्न अनुमति दिने योजनाहरू समावेश थिए ।



बोल्सोनारोले सन् २०२२ को चुनाव उल्ट्याउने षड्यन्त्र गरेको अभियोगमा २७ वर्षको जेल सजाय पाएका आफ्ना बुबालाई माफी दिने, साथै सन् २०२३ जनवरी ८ मा ब्राजिलका लोकतान्त्रिक संस्थाहरूमाथि भएको आक्रमणका दोषीहरूलाई पनि आममाफी दिने प्रतिबद्धता जनाए । उनका समर्थकहरूका लागि, यो कदम उनीहरूले न्यायिक उत्पीडनका रूपमा ठानेको अवस्थालाई उल्ट्याउने एउटा अवसर थियो । अर्कोतर्फ उनका विपक्षीहरूका लागि भने यसले सत्तापलटको प्रयासलाई पुनः वैधता दिने र न्यायिक स्वतन्त्रतालाई कमजोर पार्ने खतरा निम्त्याएको थियो ।

लुलाको चुनावी अभियान नयाँ ऊर्जाका साथ फर्कियो, जसमा धेरै युवा ब्राजिलीहरू तल्लो तहबाटै सक्रिए भए । यो अभियानले मेटा (Meta) जस्ता सामाजिक सञ्जालका दिग्गज कम्पनीहरूद्वारा देखाइएका एल्गोरिदमसम्बन्धी पक्षपात - जसले बोल्सोनारालाई प्राथमिकता दिन्थ्यो - लाई समेत चिर्न सफल भयो ।

अन्त्यमा, यो चुनाव ब्राजिलको लोकतन्त्रका लागि मात्र नभई यसको सार्वभौमसत्ताका लागि समेतको लडाइँ बन्न पुग्यो । लुलाको कार्यकालभरि ट्रम्प प्रशासनले ब्राजिलको राजनीतिमा स्पष्ट रूपमा हस्तक्षेप गऱ्यो; यस क्रममा दण्डात्मक भन्सार शुल्क लगाउने र जायर बोल्सोनारोविरुद्धको मुद्दा चलाउने सर्वोच्च अदालतका न्यायाधीशमाथि प्रतिबन्ध लगाउने र बोल्सोनारोका छोराको उम्मेदवारीलाई खुलेर समर्थन गर्नेजस्ता कार्यहरू गरिए ।

मई महिनामा, ट्रम्पले ओभल अफिसमा फ्लाभियो बोल्सोनारोलाई स्वागत गरे । दुई दिन पछि, विदेशमन्त्री मार्को रुबियोले ब्राजिलका दुई ठुला आपराधिक सङ्गठनहरूलाई विदेशी आतङ्कवादी सङ्गठनको रूपमा तोके - यो एउटा यस्तो कदम थियो जसका लागि फ्लाभियोले सार्वजनिक रूपमै अनुरोध गरेका थिए ।

यी वर्गीकरणहरूको प्रभाव चुनावी राजनीतिभन्दा धेरै टाढासम्म फैलिएको छ । यसले तथाकथित 'लागूऔषध-आतङ्कवाद' (Narcoterrorism) विरुद्ध वासिङटनले विस्तार गरिरहेको युद्धका सन्दर्भमा, ब्राजिलको भूभागभित्र अमेरिकी सैन्य कारबाहीका लागि ढोका खोल्न सक्ने सम्भावना सिर्जना गर्छ । विश्वले देखिसकेको छ कि कसरी यस्तै किसिमको विदेशी आतङ्कवादीको बिल्ला भिराउने कार्यले अमेरिकालाई भेनेजुयलामा सैन्य हस्तक्षेप गर्न र त्यहाँको बहालवाला राष्ट्रपतिलाई अपहरण गर्न सघाउ पुऱ्याएको थियो ।

ट्रम्पले ल्याटिन अमेरिकाको सबैभन्दा ठुलो देशलाई वासिङटनको विस्तारोन्मुख क्षेत्रीय सैन्य प्रभुत्वको प्रणालीमा तान्न खोजिरहँदा, लुलाले भने ब्राजिलको रणनीतिक स्वायत्तताको पक्षमा अडान लिएका छन्; उनले सङ्गठित अपराधविरुद्धको सहकार्य गर्दा राष्ट्रिय सार्वभौमिकताको सम्मान गरिनुपर्ने कुरामा जोड दिएका छन् ।

लुलाले यस चुनावलाई आफ्नो एकातर्फ आफ्नो बाटो आफै तय गर्ने एक सार्वभौम ब्राजिल र अर्कोतर्फ वासिङटनको भू-राजनीतिक एजेन्डामा अधीनस्थ रहने ब्राजिलबिचको छनोटका रूपमा प्रस्तुत गरेका थिए । आइतबारको चुनावी नतिजाले ब्राजिलका जनताले आफ्नो रोजाइ स्पष्ट पारिसकेको देखाउँछ ।

महत्त्वपूर्ण कुरा के हो भने, लुलाको जितले ल्याटिन अमेरिकामा देखिएको दक्षिणपन्थी झुकावको दिशामा एउटा मोड ल्याउन सक्छ । ह्वाइट हाउसमा ट्रम्पको पुनरागमनयता, होन्डुरस, चिली र बोलिभियालगायतका देशहरूमा दक्षिणपन्थी शक्तिले लगातार चुनावी जित हासिल गरेका छन् । तर, लुलाको पुनःनिर्वाचनले यसको गति सुस्त हुँदै गएको हुनसक्ने सङ्केत गर्छ ।

यो नतिजा अमेरिकी मध्यावधि निर्वाचनको ठीक अगाडि आएको छ । यसले सम्पूर्ण अमेरिकी महादेशमा ट्रम्पको नेतृत्वको शक्तिमा ठुलो धक्का पुऱ्याउन सक्छ । अर्जेन्टिनामा, राष्ट्रपति हाभियर मिलेइ - जसले नियमित रूपमा लुलाको आलोचना गर्दै आएका छन् र बोल्सोनारोलाई पूर्ण समर्थन गरेका थिए - अर्को वर्ष हुने राष्ट्रपतीय निर्वाचनअघि जनमत सर्वेक्षणहरूमा कमजोर बन्दै गएका छन् । चिलीमा, राष्ट्रपति होसे एन्टोनियो कास्टको जनसमर्थनमा अझ तीव्र गिरावट आएको छ ।

मेक्सिकोकी क्लाउडिया शाइनबाउमले भने सायद राहतको सास फेरेकी छिन् । यदि लुलाको हार भएको भए उनलाई यो क्षेत्रमा अझ बढी एक्लो बनाउने थियो, जुन क्षेत्र मेक्सिकोको उत्तरी छिमेकी (संरा अमेरिका) तर्फ ढल्किँदै थियो । यसको सट्टा, ल्याटिन अमेरिकाका सबैभन्दा बढी जनसङ्ख्या भएका र सबैभन्दा ठुला अर्थतन्त्र भएका दुई देशहरू निकट भविष्यसम्म दृढतापूर्वक वामपन्थी धारमै रहनेछन् ।

यस क्षेत्रमा देखिएको दक्षिणपन्थी झुकाव समाप्त भयो भनेर घोषणा गर्न अझै चाँडो नै छ । तर, लुलाको जितले यो सम्भावना उत्कर्षमा पुगिसकेको सम्भावना बढाएको छ । ब्राजिल ट्रम्पको 'अमेरिकी महादेशहरूको ढाल' (Shield of the Americas) मा सामेल हुने छैन; यद्यपि, 'डनरो डक्ट्रिन' (Donroe Doctrine) अझै एउटा खतराको रूपमा कायम छ तर यसको प्रभाव उत्कर्षमा पुगिसकेको समय सायद अब बितिसकेको हुनसक्छ ।

लुलाको जित समाजका सबैभन्दा सीमान्तकृत र अधिकारविहीनवर्गका लागि लड्दै बिताएको जीवनको सार्थकताको पुष्टि हो । यसको महत्त्व ब्राजिलको सीमाभन्दा धेरै परसम्म फैलिएको छ । लोकतन्त्र, बहुपक्षीयता, अन्तर्राष्ट्रिय कानुन, पर्यावरण संरक्षण र 'ग्लोबल साउथ' (वैश्विक दक्षिण/विकासशील राष्ट्रहरूको समूह) को सार्वभौमसत्ताका पक्षधरहरूका लागि यसले एउटा सशक्त सन्देश दिन्छ : अति दक्षिणपन्थीहरूको उदय न त अपरिहार्य छ, न त उल्ट्याउनै नसकिने खालको नै छ । ब्राजिलमा होइन । न त अन्य कतै ।



ब्राजिलका राष्ट्रपति तथा उम्मेदवार लुइज इनासियो लुला दा सिल्भाका समर्थकहरू २५ अक्टोबर, २०२६ मा ब्राजिलको साओ पाउलोमा भेला हुँदै । *(अलेक्जान्ड्रे स्नाइडर/गेटी इमेजेसे (गेटी)*

साम्राज्यवादका प्रमुख हतियारहरू

मानव सभ्यताको लामो इतिहासमा शक्ति आर्जन गर्ने र अर्काको भूमिमाथि कब्जा जमाउने चाहना निरन्तर रूपमा चलिरहेको छ । प्राचीनकालमा राजा महाराजाहरूले तरबार र सेनाको बलमा राज्य विस्तार गर्थे भने आधुनिक युगमा त्यसको रूप पूर्ण रूपले फेरिएको छ । सत्रौँ र अठारौँ शताब्दीको औद्योगिक क्रान्तिसँगै सुरु भएको पुँजीवादी विस्तारले औपनिवेशवादको जन्म दियो जहाँ प्रत्यक्ष रूपमा देशहरू गुलाम बनाइन्थे ।

कार्ल मार्क्सले सन् १८४८ मा प्रकाशित कम्युनिस्ट घोषणापत्रमा पुँजीवादको यही विस्तारलाई व्याख्या गर्दै लेखेका थिए कि पुँजीले संसारभर आफ्ना बजारहरूको खोजीमा निरन्तर दौडिरहनुपर्छ र यसै क्रममा यसले सम्पूर्ण विश्वलाई आफ्नो सभ्यताको साँचोमा ढाल्न खोज्छ । बीसौँ शताब्दीको उत्तरार्धतिर प्रत्यक्ष उपनिवेशहरू ढल्दै गएपछि साम्राज्यवादले नयाँ रूप लियो जसलाई नवसाम्राज्यवाद भनियो ।

यस नयाँ व्यवस्थामा बन्दुकको गोली वा तोकको नलीभन्दा अदृश्य तर अति शक्तिशाली हतियारहरूको प्रयोग हुन थाल्यो । लेनिनले आफ्नो प्रसिद्ध कृति इम्पेरियलिजम द हाइएस्ट स्टेज अफ क्यापिटलिजममा सन् १९१६ मा स्पष्ट पार्दै भनेका थिए कि साम्राज्यवाद पुँजीको एकाधिकारमा टिकेको छ जहाँ निर्यात हुने वस्तुभन्दा बढी पुँजी र ऋणको निर्यात हुन्छ ।

आजको एक्काइसौँ शताब्दीमा आइपुग्दा यही सिद्धान्तलाई परिमार्जन गर्दै साम्राज्यवादी शक्तिहरूले विश्वमाथि आफ्नो निर्विकल्प नियन्त्रण कायम राख्न विविध माध्यमहरूको उपयोग गरिरहेका छन् । यी माध्यमहरू प्रत्यक्ष रूपमा देखिँदैनन् तर यिनको गहिराइले राष्ट्रहरूको सार्वभौमिकतालाई भित्रभित्रै खोक्रो बनाइरहेको छ ।

कुनै पनि देशलाई आफ्नो अधीनमा राख्न अब भौगोलिक सीमाहरू तोड्नुपर्दैन तर यसका लागि आर्थिक, वैचारिक र प्राविधिक पासोहरू नै पर्याप्त हुन्छन् । यस यथार्थलाई गहिरो गरी बुझ्नका लागि साम्राज्यवादले प्रयोग गर्ने प्रमुख माध्यमहरूको प्राज्ञिक र विश्लेषणात्मक अध्ययन गर्नु आवश्यक हुन्छ जसले आजको विश्वको वास्तविक चित्र प्रस्ट्याउँछ ।

वित्तीय एकाधिकार

विश्वभरका अर्थतन्त्रहरूमाथि पकड जमाउनका लागि प्रयोग गरिने सबैभन्दा प्रमुख र बलियो माध्यम आर्थिक नियन्त्रण हो । दोस्रो विश्वयुद्ध पछि सन् १९४४ मा भएको ब्रेटनवुड्स सम्मेलनले विश्व अर्थतन्त्रको दिशा परिवर्तन गऱ्यो जसबाट विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्थाहरू जन्माइए ।

यी संस्थाहरूले विकासोन्मुख र गरिब देशहरूलाई ठुलो मात्रामा ऋण प्रवाह गर्ने गर्छन् जसको मुख्य उद्देश्य उनीहरूलाई सधैँभरि ऋणको पासोमा अल्झाउनु हो । जब कुनै राष्ट्रले त्यो ऋण समयमा चुक्ता गर्न सक्दैन तब उसका राष्ट्रिय स्रोतसाधन, प्राकृतिक सम्पदा र सार्वजनिक संस्थानहरूमाथि बाह्य नियन्त्रण बन्न जान्छ ।

प्रख्यात अर्थशास्त्री जोसेफ स्टिग्लिट्सले आफ्नो पुस्तक ग्लोबलाइजेसन एन्ड इट्स डिसकन्टेन्ट्समा यी अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले लादेका नीतिहरूले गरिब देशहरूको अर्थतन्त्र उकास्नुको साटो झन् तहसनहस बनाएको यथार्थ उल्लेख गरेका छन् । यसरी प्रत्यक्ष सैन्य आक्रमणबिना नै केवल ऋणको पासोको भरमा एउटा सार्वभौम राष्ट्रको अर्थनीतिलाई निर्देशित गर्नु आधुनिक साम्राज्यवादको सबैभन्दा ठुलो सफलता हो ।

बजार कब्जा

साम्राज्यवादलाई जीवित राख्ने अर्को महत्त्वपूर्ण आधार बहुराष्ट्रिय कम्पनीहरूको विशाल सञ्जाल हो । यी कर्पोरेट संस्थाहरूले स्थानीय बजारमा प्रवेश गरेर त्यहाँका साना घरेलु उद्योग र हस्तकलाहरूलाई पूर्ण रूपमा विस्थापित गर्छन् ।

सन् १९७० को दशकदेखि तीव्र रूपमा फैलिएको कर्पोरेट पुँजीवादले विश्वका कुनाकुनामा आफ्ना उत्पादनहरू पुऱ्याएको छ जसले गर्दा स्थानीय उत्पादनको महत्त्व समाप्त हुन्छ र उपभोक्तावादको संस्कृति मौलाउँछ ।

नोम चोम्स्कीले आफ्नो प्रसिद्ध रचनाहरूको शृङ्खलामा यो उल्लेख गरेका छन् कि कसरी ठुला कर्पोरेसनहरूले मिडिया र विज्ञापनको माध्यमबाट मानिसको उपभोगको बानीलाई नियन्त्रण गर्छन् र तेस्रो विश्वका देशहरूलाई सधैँ कच्चा पदार्थको आपूर्तिकर्ताको रूपमा मात्र सीमित राख्छन् । जब कुनै पनि समाज आफ्ना साना आवश्यकताका लागि समेत यी बाह्य कम्पनीहरूमा निर्भर हुन पुग्छ तब त्यहाँ आर्थिक स्वतन्त्रताको अन्त्य हुन्छ र साम्राज्यवादी एकाधिकार स्थापित हुन्छ ।

सैन्य हस्तक्षेप

प्रत्यक्ष उपनिवेशको युग समाप्त भयो भनिए पनि सैन्यवादको प्रयोग कहिल्यै रोकिएको छैन । साम्राज्यवादी शक्तिहरूले आफ्नो स्वार्थ अनुकूल नरहेका सरकारहरूलाई फेर्न वा तह लगाउन प्रत्यक्ष सैनिक आक्रमण गर्ने वा अप्रत्यक्ष रूपमा द्वन्द्वरत पक्षहरूलाई हतियार र आर्थिक सहयोग दिएर प्रोक्सी युद्ध गराउने रणनीति अपनाउँछन् ।

सन् २००३ मा इराकमाथि गरिएको आक्रमण यसको एक ज्वलन्त उदाहरण हो जहाँ बिना प्रमाण आम विनाशका हतियारको झूटो बहाना बनाएर एउटा सार्वभौम देशमाथि आक्रमण गरियो र त्यहाँको तेल स्रोतमाथि नियन्त्रण कायम गरियो ।

माइकल हार्डी र एन्टोनियो नेग्रीले आफ्नो प्रसिद्ध ग्रन्थ एम्पायरमा यो तर्क गरेका छन् कि आधुनिक साम्राज्यवाद कुनै एक भौगोलिक राष्ट्रको सिमानामा सीमित छैन यो त सम्पूर्ण विश्वभर फैलिएको एक साझा सैन्य तथा राजनीतिक अनुशासन हो जसले असहमतिलाई बल प्रयोग गरेर दबाउँछ । शान्ति र लोकतन्त्रको बहाना बनाएर गरिने यी सैन्य हस्तक्षेपहरूले देशहरूलाई लामो समयसम्म गृहयुद्ध र आर्थिक बर्बादीतर्फ धकेल्ने गर्छन् ।

ज्ञान उपनिवेश

भौतिक नियन्त्रणभन्दा बढी खतरनाक बौद्धिक र चेतनात्मक नियन्त्रण हुन्छ जसलाई ग्यानिय उपनिवेशवाद भनिन्छ । इतिहास, दर्शन, विज्ञान र साहित्यको व्याख्या गर्दा पाश्चत्य दृष्टिकोणलाई मात्र सर्वव्यापी र एकमात्र सत्य मान्ने प्रवृत्ति गहिरो रूपमा जरा गाडेर बसेको

बाँकी पृष्ठ ७ मा

भारतका विपक्षी दलद्वारा प्रमुख निर्वाचन आयुक्तको राजीनामा माग्दै विशाल प्रदर्शन



नयाँदिल्ली, १ नोभेम्बर (एपी)। भारतका विपक्षी दलहरूले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारप्रति असन्तुष्टि जनाउँदै आइतबार प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामाको मागसहित प्रदर्शन गरेका छन्।

विपक्षी गठबन्धन 'इन्डिया' को आह्वानमा भएको प्रदर्शनमा हजारौँ मानिस सहभागी भए। उनीहरूले विभिन्न झण्डा बोकेर बाजागाजासहित केन्द्र सरकारका नीतिविरुद्ध नाराबाजी गरेका थिए। सन् २०२३ मा मोदी सरकारलाई सत्ताबाट हटाउने उद्देश्यले गठन गरिएको गठबन्धनमा आबद्ध दलहरूले विभिन्न राज्यबाट आफ्ना कार्यकर्ता भेला गराएका थिए। नयाँदिल्लीमा प्रदर्शनकारीमाथि प्रहरीले बल प्रयोग गरेको केही सातापछि यो प्रदर्शन भएको हो। प्रदर्शनमा भाकपा, भाकपा मार्क्सवादी र भाकपा माले (लिबरेशन) को पनि सहभागिता रहेको छ।

प्रमुख विपक्षी दल काङ्ग्रेसका नेता राहुल गान्धीको नेतृत्वमा भएको प्रदर्शनमा युवाहरूको 'कक्रोच' आन्दोलनले पनि समर्थन जनाएको थियो। प्रदर्शनकारीहरूले भारतीय लोकतन्त्रको रक्षा गर्न आह्वान गर्दै मतदाता नामावली पुनरावलोकनमा देखिएको विवादलाई लिएर प्रमुख निर्वाचन आयुक्त कुमारको राजीनामा माग गरेका थिए।

गत महिना प्रहरीले नयाँदिल्लीमा प्रदर्शनका लागि तोकिएका स्थानको सूचीबाट 'जन्तर मन्तर' हटाएपछि प्रदर्शनकारीहरू रामलीला मैदानमा भेला भएका थिए। जन्तर मन्तर लामो समयदेखि राजधानीमा विरोध प्रदर्शनको प्रमुख स्थलका रूपमा परिचित छ।

अधिकारीहरूका अनुसार प्रदर्शनस्थल र प्रदर्शन मार्गमा हजारौँ प्रहरी तथा अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको थियो। निगरानीका लागि २०० भन्दा बढी सीसीटीभी क्यामेरा, ड्रोन र सुरक्षाकर्मीले शरीरमा जडान गर्ने क्यामेरासमेत प्रयोग गरिएको थियो।

मतदाता नामावली पुनरावलोकनका क्रममा गत वर्षयता १३ करोडभन्दा बढी नाम हटाइएको छ। आलोचकहरूले यो प्रक्रिया राजनीतिक उद्देश्यबाट प्रेरित रहेको आरोप लगाएका छन्। उनीहरूका अनुसार यसबाट लाखौँ मानिस मताधिकारबाट वञ्चित हुन सक्नेछन् भने अल्पसङ्ख्यक, विशेषगरी मुस्लिम समुदाय बढी प्रभावित हुने जोखिम छ।

निर्वाचन आयोग र मोदी सरकारले भने यी आरोप अस्वीकार गरेका छन्। उनीहरूका अनुसार दोहोरिएका र अयोग्य मतदाताका नाम हटाउन पुनरावलोकन गरिएको हो।

'ह्युमन राइट्स वाच' ले बिहीबार जारी गरेको विज्ञप्तिमा मतदाता नामावली पुनरावलोकनसम्बन्धी आरोपले भारतमा आगामी निर्वाचनको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएको जनाएको छ।

संस्थाकी एसिया निर्देशक इलेन पियर्सनले पुनरावलोकन प्रक्रिया तत्काल रोक्न आग्रह गर्दै यसले भारतका सीमान्तकृत समुदायलाई मताधिकार र अन्य सरकारी सेवा प्राप्त गर्ने अधिकारबाट वञ्चित गरेको बताउनुभएको छ।

विश्व सङ्क्षेप

इरान–अमेरिका युद्धमा अन्त्यको आशामा यूएई

मनामा, बहराइन, १५ कार्तिक (एएफपी)। मध्यपूर्वमा युद्ध फेरि सुरु हुने धम्की आएपछि युएईले इरान र अमेरिकाबिचको वार्तामा सफलताको आशा गरेको छ। युएई युद्धको अझ खराब अवस्थाका लागि पनि तयार रहेको त्यहाँका वरिष्ठ अधिकारीले आइतबार बताएका छन्।

"हामी कूटनीतिक सफलताको आशा गर्दैछौं," युएईका राष्ट्रपतिको कूटनीतिक सल्लाहकार अन्वर गर्गासले मनामामा भएको एक सम्मेलनमा भन्नुभयो। "क्षेत्रलाई फेरि अर्को युद्धको चपेटामा पार्नु यसको हितमा छैन तर हामी पहिले जस्तै सबैभन्दा खराब अवस्थाका लागि पनि तयार हुनुपर्न सक्छ भन्ने पनि मैले बुझेको छु।

यस साता तेहरानमा कतारको एक प्रतिनिधिमण्डलको भ्रमणपछि इरानले खाडी देशमा आफ्ना दूतहरू पठाएको छ। यो इरान र अमेरिकाबिच अप्रत्यक्ष वार्ताको क्रममा युद्ध अन्त्य गर्न गरिएको परामर्शको निरन्तरता हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार इरानमाथिको आक्रमणको चेतावनीलाई दोहोऱ्याउँदै अमेरिका अझै पनि इरानका एक-दुई लक्ष्यहरू 'सम्हाल्न' तयार रहेको बताए।

मध्यपूर्वीमामिला समेत हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड ब्लोमेले मनामा सम्मेलनमा आइतबार भन्ने, "वार्ताको हात अगाडि बढाइएको छ र ती सम्पर्क स्रोतहरू खुला र सक्रिय नै छन्। वार्ता सफल नभएमा हामी अर्को बाटो पनि अपनाउन तयार छौं।"

युद्ध फेब्रुअरी २८ मा अमेरिका-इजरायलको संयुक्त आक्रमणबाट सुरु भएको थियो। इरानले त्यसको जवाफमा वाशिङ्टनका सहयोगी खाडी देशहरूमाथि पनि आक्रमण गरेको थियो।

१४० औं क्यान्टन मेलाको तेस्रो चरण सुरु

क्यान्टन, १५ कार्तिक (सीआरआई)

अक्टोबर ३१ तारिख, १४० औं चीन आयात तथा निर्यात वस्तु मेला (क्यान्टन मेला) को तेस्रो चरण क्वाङतोङ प्रान्तीय सदरमुकाम क्वाङचौमा सुरु भई आगन्तुकहरूलाई स्वागत गरेको छ।

यस पटकको क्यान्टन मेलाको तेस्रो चरण 'सुन्दर जीवन' भन्ने विषयमा केन्द्रित छ, जसमा खेलौना तथा गर्भवती महिला र शिशु, फेसन, घरायसी वस्त्र, स्टेसनरी, स्वास्थ्य तथा फुर्सद लगायत ५ मुख्य क्षेत्रका २१ प्रदर्शनी हलहरू समेटिएका छन्। प्रदर्शनी क्षेत्रफल ५ लाख १५ हजार वर्गमिटर रहेको छ, जसमा २५ हजार स्टलहरू छन्। यस चरणमा १२ हजारभन्दा बढी उद्यमीहरू सहभागी भएका छन्, जसमध्ये ३ हजार १०० भन्दा बढी उच्च गुणस्तरका उद्यमहरू रहेका छन्।

अमेरिकासँगको नयाँ युद्ध अघिल्लोभन्दा लामो हुन सक्छ : इरानी सेना

तेहरान, १५ कार्तिक (एएफपी)। अमेरिकासँगको कुनै नयाँ युद्ध अघिल्लो युद्धभन्दा लामो हुन सक्ने इरानले आइतबार चेतावनी दिएको छ। त्यो युद्धको अवधि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निर्धारण गर्न नसक्ने इरानको दावी रहेको छ।

"सम्भावित भावी युद्ध अघिल्लो द्वन्द्वभन्दा लामो हुन सक्छ र अमेरिकी राष्ट्रपति यसको समाप्ति समय वा अवस्था निर्धारण गर्ने स्थितिमा हुने छैनन्," इरानी राष्ट्रिय टेलिभिजनले इरानी सेनाका प्रवक्ता मोहम्मद अक्रामिनियालाई उद्धृत गर्दै उल्लेख गरेको छ।

उहाँले फेब्रुअरी २८ मा अमेरिका-इजरायलको आक्रमणबाट सुरु भएको युद्धको सबैभन्दा भयानक चरणको कुरा गर्दै अक्रामिनियाले आगामी युद्ध अमेरिका वा कसैको पनि सहज नियन्त्रणमा नहुने बताउनुभएको हो।

अमेरिका-इजरायलको आक्रमणको सुरूमा इस्लामी गणतन्त्रका सर्वोच्च नेता आयतुल्लाह अली खामेनी मारिनुभएको थियो भने कैयौँ इरानी नेता, सैन्य अधिकारी र वैज्ञानिकसमेतको मृत्यु भएको थियो। बदलामा इरानले खाडी क्षेत्रभर मिसाइल र ड्रोन प्रहार गरेको थियो भने उसले समर्थन गर्ने सशस्त्र समूहहरूले पनि लेबनान र यमनमा युद्धमा भाग लिएका थिए।

इरानका रक्षामन्त्री मेहरदाद अखलाखीले आइतबार देशमाथिको कुनै पनि आक्रमणको 'समान, निर्णायक र प्रभावकारी जवाफ' दिने चेतावनी दिनुभएको छ।

"जसले धम्की दिन्छन् उनीहरूले इरानको रक्षात्मक प्रतिक्रियाको दायरा, समय वा परिणाम निर्धारण गर्न सक्ने छैनन्," उहाँले भन्नुभयो।

यसैगरी आइतबार इरानको सैन्यशक्ति (इस्लामिक रिवोल्युसनरी गार्ड कर्प्स) का प्रवक्ता होसेन मोहेब्बीले नयाँ सर्वोच्च नेता आयतुल्लाह मोज्तावा खामेनीले अघिल्लो दिन लिखित सन्देशमा भनेका कुरा दोहोऱ्याउनुभएको छ। खामेनीले जारी गरेको वक्तव्यमा उहाँले सैन्य कमाण्डरहरूलाई 'कुनै पनि स्तर वा प्रकारको धम्कीलाई तत्काल, प्रभावकारी र भौगोलिक रूपमा असीमित प्रतिक्रिया दिनुपर्छ' भनेर आदेश दिनुभएको थियो।

"अबको अमेरिकासँगको द्वन्द्वमा भौगोलिक सीमा हुनेछैन; शत्रुलाई क्षति पुऱ्याउन ठुलो युद्धक्षेत्र परिभाषित गरिएको छ," इरानी राष्ट्रिय टेलिभिजनमा मोहेब्बीलाई उद्धृत गर्दै समाचार प्रशारण भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार अमेरिका इरानको धेरै सैन्य क्षमता नष्ट गरेको तर अझै एक-दुई लक्ष्य 'सम्हाल्न' बाँकी रहेको बताएका थिए।

कोलम्बियाली विद्रोही शिविरमा भेनेजुयलाको आक्रमण, नौ जनाको मृत्यु

काराकास, १ नोभेम्बर (एएफपी)। भेनेजुयलाको सेनाले सीमा क्षेत्रमा रहेको कोलम्बियाली वामपन्थी विद्रोही समूहको शिविरमा आक्रमण गर्दा कम्तीमा नौ जनाको मृत्यु भएको एक गैरसरकारी संस्थाले जनाएको छ।

फन्डारेड्स नामक गैरसरकारी संस्थाका निर्देशक जेभियर टाराजोनाले शनिबार एएफपीलाई बताएअनुसार शुक्रबार भेनेजुयलाको अपुरे राज्यस्थित ग्रामीण क्षेत्रमा रहेको विद्रोही शिविरमा सेनाले आक्रमण गरेको थियो। सन् २०१६ मा कोलम्बियाली विद्रोही समूहसँग भएको शान्ति सम्झौतापछि भेनेजुयलामा भएको यो पहिलो यस्तो आक्रमण भएको उहाँले दाबी गर्नुभयो।

संस्थाले सार्वजनिक गरेको भिडियोमा जमिनमा शवहरू छरिएका, रूखहरू ढलेका र शिविर रहेको अनुमान गरिएको स्थानमा भग्नावशेष देखिएको छ। संस्थाका एक कर्मचारीले भिडियोमा कम्तीमा नौ वटा शव गणना गरेको टाराजोनाले बताउनुभयो।

भेनेजुयला सरकारले यस विषयमा टिप्पणीका लागि एएफपीले गरेको अनुरोधको तत्काल जवाफ दिएको छैन।

सन् २०१६ मा कोलम्बियाली सरकारसँग शान्ति सम्झौता गरेपछि ईएलएन ल्याटिन अमेरिकाको सबैभन्दा शक्तिशाली विद्रोही समूहका रूपमा रहेको छ। उक्त सम्झौतामा क्रान्तिकारी सशस्त्र बल (फार्क-एफएआरसी) ले हस्ताक्षर गरेको थियो।

कोलम्बिया र भेनेजुयलाबिच दुई हजार किलोमिटरभन्दा लामो सीमा जोडिएको छ। उक्त सीमावर्ती क्षेत्रमा अन्य विद्रोही समूहहरू पनि सक्रिय छन्। शान्ति सम्झौता अस्वीकार गरेका फार्कका केही समूहले कोकिन तस्करी र अवैध खानी सञ्चालनमाथि नियन्त्रण कायम गर्न एकअर्कासँग सङ्घर्ष गर्दै आएका छन्।

लामो समयदेखि कोलम्बियाली सरकारले वामपन्थी शासन रहेको भेनेजुयलाले कोलम्बियाली विद्रोही समूहलाई आश्रय दिँदै आएको आरोप लगाउँदै आएको थियो।

यद्यपि, राष्ट्रपति निकोलस मादुरो सत्ताच्युत भएपछि भेनेजुयला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको नजिकको निगरानी र प्रभावमा रहेको छ। अमेरिकाले भेनेजुयलाको विशाल तेल भण्डार तथा अन्य प्राकृतिक स्रोतबाट आर्थिक लाभ लिने प्रयास गरिरहेको छ।

सैन्य मामिलाकी जानकार मानव अधिकारकर्मी रोसियो सान मिगुएलका अनुसार अपुरे राज्यका स्थानीय बासिन्दाले शुक्रबारको सैन्य कारबाहीबारे जानकारी दिएका थिए। उनीहरूले आक्रमणमा थप १० जना ईएलएन लडाकु मारिएको हुन सक्ने बताएका छन्।

जी-२० परराष्ट्रमन्त्री बैठकमा उपपरराष्ट्रमन्त्री माको सहभागिता

सन् २०२६ अक्टोबर ३० देखि ३१ तारिखसम्म अमेरिकाको एट्लान्टामा आयोजित जी-२० परराष्ट्रमन्त्री बैठकमा चिनियाँ उपपरराष्ट्र मन्त्री मा चाउस्युले सहभागिता जनाउनुभएको छ।

मन्त्री माले चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले प्रस्तुत गर्नुभएको विश्व सुरक्षा पहलले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विवाद समाधान गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो। जी-२० ले विश्व शान्ति तथा स्थिरताको रक्षकका रूपमा जिम्मेवारी निर्वाह गर्नुपर्ने धारणा पनि उहाँले व्यक्त गर्नुभयो। ऊर्जा, आर्थिक तथा सामाजिक विकासको जीवनरेखा भएको उल्लेख गर्दै उहाँले ऊर्जा सुरक्षा सुनिश्चित गर्ने विषयमा सहकार्य गहिरो बनाउन चीनले समर्थन गर्ने प्रकाश पार्नुभयो। उहाँले संरक्षणवादबाट कसैले पनि फाइदा लिननसक्ने र आपूर्ति शृङ्खलाबाट अलगिने तथा सम्बन्ध विच्छेद गर्ने कदमले सबैको हितमा नोक्सानी पुर्याउने औंल्याउनुभयो। जी-२० सदस्यहरूले नीतिगत समन्वय गहिरो बनाउँदै विश्व उत्पादन तथा आपूर्ति शृङ्खलाको स्थिरता र सुचारुलाई कायम राख्नुपर्ने अडान उहाँले व्यक्त गर्नुभयो। चीन आर्थिक तथा व्यापारिक मुद्दाहरूलाई राजनीतिकरण, हतियारीकरण तथा अति-सुरक्षाकरण गर्ने कुराको विरोध गर्दछ भन्ने पुष्टि पनि उहाँले गर्नुभयो।

साथै मन्त्री माले मध्यपूर्वको अवस्था तथा युक्रेन सङ्कटलगायत विषयमा चीनको धारणा पनि प्रस्तुत गर्नुभयो। उक्त बैठकको अध्यक्षता अमेरिकी विदेशमन्त्री मार्को रुबियोले गर्नुभएको थियो।

नेपालमा पुस्तान्तरणको चुनौती, सम्भावना र परिवर्तनको बाटो

✍ मोनिका चाकतु

कुनै पनि राष्ट्रमा पुस्तान्तरण त्यस राष्ट्रका युवाको सोच, अभिभावकको अनुभव, समाजको चेतना र राज्यको दूरदृष्टिमा निर्भर हुन्छ । समाज केवल मानिसहरूको समूह होइन; यो विचार, संस्कार, सम्बन्ध, जिम्मेवारी र साझा सपनाहरूको सङ्गम हो । नेपालको सन्दर्भमा पुस्तान्तरणको चर्चा गर्दा हामीले आर्थिक विकास, शिक्षा, रोजगारी, प्रविधि र राजनीतिक स्थिरताका साथै परिवार, समाज र राष्ट्रमा बढ्दै गएको युवा र अग्रज पुस्ताबिचको दुरीलाई गम्भीरतापूर्वक बुझ्न आवश्यक छ । किनकि, फरक पुस्ताबिचको सहकार्य र समन्वयबिना समुन्नत राष्ट्र निर्माण गर्न कठिन हुन्छ ।

आज नेपाली समाज परिवर्तनको एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ । एकातिर परम्परा, संस्कृति, पारिवारिक मूल्य र सामूहिकताको लामो इतिहास छ भने अर्कोतिर आधुनिक शिक्षा, प्रविधि, विश्वव्यापीकरण, व्यक्तिगत स्वतन्त्रता र नयाँ जीवनशैलीप्रतिको आकर्षण बढ्दो छ । यी दुई पक्षबिच सन्तुलन कायम गर्न सके नेपाली समाजले नयाँ सम्भावनाको ढोका खोल्न सक्छ तर संवाद र समझदारीको अभाव भए यही परिवर्तन द्वन्द्व, निराशा र सामाजिक दुरीको कारण बन्न सक्छ ।

नेपाली समाज, शक्ति र सम्भावना

नेपाल प्राकृतिक, सांस्कृतिक र मानवीय सम्पदाले समृद्ध देश हो । यहाँको भौगोलिक विविधता, सांस्कृतिक बाहुल्यता, सहिष्णुता, सामुदायिक सहयोग र पारिवारिक सम्बन्ध समाजका महत्त्वपूर्ण शक्ति हुन् । कठिन परिस्थितिमा एक अर्कालाई सहयोग गर्ने नेपालीहरूको परम्परा आज पनि हाम्रो सामाजिक पुँजी हो ।

त्यसैगरी, युवा जनशक्ति नेपालको अर्को ठुलो सम्भावना हो । उचित शिक्षा, सीप, प्रविधि र अवसर उपलब्ध गराउन सके युवाले कृषि, पर्यटन, जलविद्युत्, सूचना प्रविधि, उद्यमशिलता, अनुसन्धान र सिर्जनात्मक क्षेत्रमा उल्लेखनीय योगदान दिन सक्छन् । विश्वका विभिन्न देशमा रहेको नेपालीहरूको ज्ञान, सीप, पुँजी र अनुभवलाई स्वदेशको विकाससँग जोड्न सके त्यसले भविष्य निर्माणमा थप ऊर्जा प्रदान गर्न सक्छ ।

नेपाली समाजको अर्को सकारात्मक पक्ष परिवर्तनप्रतिको बढ्दो चेतना हो । नयाँ पुस्ता पुराना समस्यामाथि प्रश्न उठाउन, समानता खोज्न, आफ्नो अधिकार बुझ्न र नयाँ सम्भावना पहिचान गर्न इच्छुक छ । यसलाई केवल विद्रोहका रूपमा होइन, समाजलाई सुधार्ने अवसरका रूपमा बुझ्नुपर्छ ।

कमजोरी र चुनौती : पुस्तान्तरण र भविष्य निर्माण

सम्भावना प्रशस्त भए पनि नेपाली समाज अनेक चुनौतीबाट मुक्त छैन । गुणस्तरीय शिक्षामा असमान पहुँच, बेरोजगारी, सीप र रोजगारीबिचको दुरी, राजनीतिक अस्थिरता, भ्रष्टाचार, सामाजिक विभेद, आर्थिक असमानता र अवसरको असन्तुलित वितरणले विकासको गतिलाई कमजोर बनाएको छ ।

अर्कोतर्फ, प्रमाण र तर्कभन्दा हल्ला, पूर्वाग्रह र भावनाको आधारमा प्रतिक्रिया जनाउनु हाल युवा पुस्तामा देखिएको चुनौती हो । सामाजिक सञ्जालले सूचना र अभिव्यक्तिको अवसर विस्तार गरेको छ तर गलत सूचना, अनावश्यक तुलना र देखावटी जीवनशैलीले विशेषगरी युवाको मानसिकता तथा पारिवारिक सम्बन्धमा असर पारिरहेको छ । हालको परिस्थितिमा अग्रज पुस्ताले युवा पुस्तालाई सामाजिक सञ्जालका हाउगुजीमा मात्र नरमाई जीवन र जगतमा समय व्यतीत गर्न उचित मार्गदर्शन गर्नुपर्छ ।

विदेश पलायन पनि बहुआयामिक चुनौती बनेको छ । विदेशमा शिक्षा र रोजगारी खोज्नु आफैमा गलत होइन तर स्वदेशमा सम्भावना नदेखेर युवाहरू बाध्यतावश विदेश पलायन भई देशले आफ्नो सिर्जनशील जनशक्ति गुमाइरहेको छ । त्यसैले, युवा पुस्तालाई देशमै बस्न, काम गर्न र भविष्य देख्न सक्ने वातावरण निर्माण गर्नु अग्रज पुस्ताको दायित्व हो ।

एउटै घरमा दुई फरक संसार : पुस्ताबिचको दुरी

आज नेपाली परिवारभित्र देखिने एउटा महत्त्वपूर्ण समस्या फरक पुस्ताबिचको दुरी हो । अभिभावक र छोराछोरी एउटै परिवारका सदस्यका रूपमा एउटै छानामुनि रहे तापनि उनीहरूको सोच, प्राथमिकता, सपना र जीवनप्रतिको दृष्टिकोण फरक हुनसक्छ । अभिभावकले जीवनलाई सङ्घर्ष, अभाव, त्याग र जिम्मेवारीको अनुभवबाट बुझेका हुन्छन्, उनीहरूका लागि स्थिर पेसा, आर्थिक सुरक्षा, सामाजिक प्रतिष्ठा र पारिवारिक मर्यादा सफल जीवनका महत्त्वपूर्ण आधार हुन् । उनीहरूले आफ्ना सन्तानले आफूले भोगेका दु:ख नदोहोऱ्याऊन् भन्ने चाहन्छन् तर यसैले उनीहरूको चिन्ता प्राय: माया, सुरक्षा र भविष्यप्रतिको जिम्मेवारीबाट जन्मिएको हुन्छ ।

तर, नयाँ पुस्ता फरक सामाजिक परिवेश र प्रविधिका वातावरणमा हुर्किएको छ । इन्टरनेट, सामाजिक सञ्जाल, विश्वव्यापी अवसर, आधुनिक शिक्षाले उनीहरूको सोच विस्तार गरेको छ । उनीहरूको आफ्नो रुचिअनुसार करियर रोज्न, स्वतन्त्र निर्णय लिन, मानसिक स्वास्थ्यलाई महत्त्व दिन र जीवनलाई आफ्नै दृष्टिकोणबाट अघि बढाउन चाहन्छन् ।

यहीबाट द्वन्द्व सुरु हुनसक्छ, अभिभावकलाई सन्तानको स्वतन्त्रता लापरबाहीजस्तो लाग्न सक्छ भने सन्तानलाई अभिभावकको अनावश्यक नियन्त्रणजस्तो लाग्न सक्छ । अभिभावकले आफ्नो अनुभवलाई अन्तिम सत्य ठान्न सक्छन्, जबकि छोराछोरीले पुरानो पुस्ताको अनुभवलाई वर्तमान परिस्थितिसँग नमिल्ने ठान्न सक्छन् ।

वास्तवमा, दुवै पक्षको दृष्टिकोणमा केही सत्यता रहन सक्छ । अनुभवबिनाको उत्साहले गलत निर्णय निम्त्याउन सक्छ तर नयाँ सोचलाई अस्वीकार गर्ने कठोरताले सम्भावनाका ढोका बन्द गर्न सक्छ । समस्या पुस्ता फरक हुनु होइन; समस्या फरक विचारलाई बुझ्ने धैर्य र संवादको कमी हुनु हो ।

अभिभावकका पीडा र अपेक्षा

अभिभावकले आफ्ना सन्तानको भविष्यका लागि आर्थिक, शारीरिक र भावनात्मक रूपमा ठुलो त्याग गरेका हुन्छन् । आफ्नो इच्छा अधुरो राखेर सन्तानलाई राम्रो शिक्षा दिनु, उनीहरूको आवश्यकता पूरा गर्नु र सुरक्षित भविष्य सुनिश्चित गर्नु धेरै अभिभावकको जीवनको मुख्य उद्देश्य हुन्छ तर जब सन्तानले उनीहरूको सुझाव अस्वीकार गर्छन्, परिवारसँग समय बिताउन चाहँदैनन् वा आफ्ना निर्णयमा अभिभावकलाई सहभागी गराउँदैनन् तब उनीहरू उपेक्षित महसुस गर्न सक्छन् । विशेष गरी वृद्धावस्थामा सन्तानसँगको भावनात्मक दुरीले एक्लोपन, असुरक्षा र निराशा बढाउन सक्छ ।

अर्कोतर्फ, कतिपय अभिभावकले आफ्ना अधुरा सपना सन्तानमार्फत पूरा गर्न खोज्छन् । आफूले रोज्न नसकेको पेसा, प्राप्त गर्न नसकेको प्रतिष्ठा वा समाजमा स्थापित हुन नसकेको स्थान सन्तानले प्राप्त गरून् भन्ने अपेक्षा राख्छन् । तर, सन्तानको क्षमता, रुचि र परिस्थिति नबुझी आफ्ना इच्छा थोपर्नु उचित हुँदैन । अभिभावकले बुझ्नुपर्ने कुरा के हो भने सन्तानको सफलता उच्च तलब, प्रतिष्ठित पद वा सामाजिक प्रशंसाबाट मात्र मापन हुँदैन । उनीहरू जिम्मेवार, आत्मनिर्भर, नैतिक र सन्तुष्ट नागरिक बन्नु पनि उत्तिकै महत्त्वपूर्ण उपलब्धि हो ।

छोराछोरीका कठिनाइ र मौन दबाब

पुस्तान्तरणको समस्यामा छोराछोरीका पीडा पनि उत्तिकै महत्त्वपूर्ण छन् । आजका युवाले प्रतिस्पर्धात्मक शिक्षा, रोजगारीको अनिश्चितता, आर्थिक दबाब, सामाजिक सञ्जालबाट उत्पन्न तुलना र भविष्यप्रतिको अन्योलसँग जुध्नु परेको छ । यस्तो अवस्थामा उनीहरूलाई परिवारबाट प्रोत्साहन र भावनात्मक सहयोग आवश्यक हुन्छ । तर, कहिलेकाहीँ उनीहरूले आफ्नो रुचिअनुसारको विषय पढ्न, मनपर्ने पेसा रोज्न वा आफ्नो समस्या व्यक्त गर्नसमेत कठिनाइ महसुस गर्छन् । अरूका सन्तानसँग तुलना गरिनु, सफल हुन नसक्दा अपमानित हुनु, भावनात्मक समस्यालाई कमजोरी ठानिनु र प्रत्येक निर्णयमा प्रश्न उठाइनुले उनीहरूको आत्मविश्वास कमजोर बनाउन सक्छ ।

कतिपय युवा आफ्नो मनको कुरा अभिभावकसँग खुलस्त भन्न सक्दैनन्, किनकि उनीहरूलाई आलोचना, गाली वा गलत बुझाइको डर हुन्छ । त्यसपछि उनीहरू आफ्ना समस्या साथीभाइ वा सामाजिक सञ्जालमा सीमित गर्न पुग्छन् । यसले परिवारभित्र बाहिरी रूपमा सामान्य देखिने तर भित्रभित्रै भावनात्मक दूरी सिर्जना गर्छ । युवाले पनि बुझ्नुपर्छ कि स्वतन्त्रता भनेको जिम्मेवारीबाट मुक्ति होइन । आफ्नो निर्णयको परिणाम स्वीकार गर्न्, अभिभावकको चिन्ता बुझ्नु, परिवारको आर्थिक तथा भावनात्मक अवस्थाको सम्मान गर्नु र असहमतिलाई मर्यादित ढङ्गले व्यक्त गर्नु परिपक्वताको परिचय हो ।

पुस्तान्तरणलाई दुरी होइन, शक्तिमा बदल्ने उपाय

दुई पुस्ताबिचको दुरी हटाउनु एउटा पुस्ता अर्को पुस्ताजस्तै बन्नु मात्र होइन । बरु दुवैले फरक अनुभव र दृष्टिकोणलाई सम्मान गर्नु हो ।

पहिलो, परिवारमा खुला संवादको वातावरण निर्माण गर्नुपर्छ । अभिभावकले छोराछोरीको कुरा बिचमै काटेर निर्णय सुनाउनुभन्दा पहिले उनीहरूको भावना र तर्क सुन्नुपर्छ । छोराछोरीले पनि असहमति व्यक्त गर्दा अपमानजनक शब्द प्रयोग नगरी आफ्नो विचार स्पष्ट पार्नुपर्छ ।

दोस्रो, निर्णय प्रक्रियामा सहकार्य आवश्यक छ । शिक्षा, करियर, विवाह, आर्थिक योजना वा विदेश जाने निर्णयजस्ता विषयमा आदेश र विद्रोहको बाटोभन्दा छलफल, तथ्य र साझा जिम्मेवारीको बाटो रोज्नुपर्छ ।

तेस्रो, प्रविधि र संस्कृतिबिच सन्तुलन कायम गर्नुपर्छ । युवाले आधुनिक ज्ञान र प्रविधि अपनाउँदै नेपाली भाषा, संस्कृति, इतिहास, सामाजिक उत्तरदायित्व र मानवीय सम्बन्धको महत्त्व बुझ्नुपर्छ । त्यसैगरी, अभिभावकले पनि नयाँ प्रविधि, बदलिँदो रोजगारीको स्वरूप र आधुनिक पुस्ताका आवश्यकताबारे सिक्न तयार हुनुपर्छ ।

चौथो, मानसिक स्वास्थ्य र भावनात्मक सुरक्षालाई महत्त्व दिनुपर्छ । दु:ख, डर, असफलता र अन्योलबारे कुरा गर्न पाउनु कमजोरी होइन । परिवार यस्तो ठाउँ हुनुपर्छ जहाँ मानिसले आफ्नो समस्या सुनाउँदा अपमान होइन, समझदारी प्राप्त गरोस् ।

पाँचौं, विद्यालय, समुदाय र राज्यले पनि पुस्ताबिच सहकार्य बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ । अन्तरपुस्ता संवाद, सीप आदानप्रदान, सामाजिक सेवा र सामुदायिक गतिविधिले पुरानो पुस्ताको अनुभव तथा नयाँ पुस्ताको ऊर्जा एकै ठाउँमा ल्याउन सक्छ ।

पुस्तान्तरणमा राज्य, समाज र युवाको भूमिका

नेपालमा पुस्तान्तरण परिवारको सुधारमा मात्र सीमित छैन । यसका लागि राज्य, शैक्षिक संस्था, निजी क्षेत्र, नागरिक समाज र प्रत्येक नागरिकको भूमिका आवश्यक छ ।

समाजले जातीय, लैङ्गिक, भौगोलिक र आर्थिक विभेद कम गर्दै सबै नागरिकलाई समान अवसर उपलब्ध गराउनुपर्छ । युवा पुस्तालाई पनि समाजका विभिन्न गतिविधिमा सरिक गराई, आवश्यकताबमोजिम उचित जिम्मेवारी दिई समाजप्रतिको उत्तरदायित्व बुझाउनुपर्छ । सामाजिक विषयमा निर्णय गर्ने अधिकार अनुभवी व्यक्तिलाई मात्र होइन, युवालाई पनि हुन्छ भन्ने भाष्य निर्माण गर्नुपर्छ । युवा पुस्ता र अग्रज पुस्ताबिच समदुरी कायम गरी समुन्नत, परिष्कृत र आधुनिक समाजको मार्गचित्र कोर्नुपर्छ । परम्पराको नाममा अन्यायलाई संरक्षण गर्नु हुँदैन तर आधुनिकताको नाममा उपयोगी सांस्कृतिक मूल्यलाई तिरस्कार पनि गर्नु हुँदैन ।

युवाले आफ्नो अधिकारसँगै कर्तव्यलाई पनि बुझ्नुपर्छ । नयाँ विचार प्रस्तुत गर्नु, प्रश्न उठाउनु र परिवर्तनको माग गर्नु महत्त्वपूर्ण छ; तर त्यससँगै अध्ययन, सीप विकास, इमानदारी, उद्यमशीलता र सामाजिक उत्तरदायित्वमा पनि जोड दिनुपर्छ । विदेशमा सिकेको ज्ञान र सीपलाई स्वदेशको विकाससँग जोड्ने अवसर खोज्नु पनि पुस्तान्तरणको एउटा बाटो हो ।

त्यस्तै, अभिभावक र अग्रज पुस्ताले आफ्नो अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्दा आदेशभन्दा प्रेरणा र नियन्त्रणभन्दा विश्वासलाई प्राथमिकता दिनुपर्छ । अनुभव र नवीनताको सहकार्यबाट मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ ।

निष्कर्ष : पुस्तान्तरणको आधार आपसी विश्वास

नेपाली समाजमा पुस्तान्तरणको विषय न त केवल अग्रज पुस्ताको सोचमा सुरक्षित छ, न त नयाँ पुस्ताको उत्साहमा मात्र निर्भर छ । हाम्रो भविष्य यी दुई पुस्ताबिचको सहकार्य, सम्मान, संवाद र साझा जिम्मेवारीमा निहित छ ।

पुरानो पुस्तासँग अनुभव छ, नयाँ पुस्तासँग नयाँ सम्भावना छ । पुरानो पुस्ताले सङ्घर्षबाट सिकेको धैर्य र जिम्मेवारीलाई नयाँ पुस्ताको सिर्जनशीलता, प्रविधि र परिवर्तनप्रतिको उत्साहसँग जोड्न सकियो भने नेपाली समाजले ठुलो फड्को मार्न सक्छ । हामीले बुझ्नुपर्ने मूल कुरा के हो भने विकास अग्ला भवन, ठुला सडक र आर्थिक वृद्धिमा मात्र सीमित हुँदैन, यसले सम्मानित नागरिक, सक्षम युवा, सुरक्षित बालबालिका, आत्मसम्मानसहित बाँच्न सक्ने ज्येष्ठ नागरिक र संवाद गर्न सक्ने परिवार निर्माण गर्नुलाई पनि इङ्गित गर्छ ।

आजका अभिभावकले सन्तानलाई विश्वास गर्न सिक्नुपर्छ र आजका सन्तानले अभिभावकको अनुभवलाई सम्मान गर्न । राज्यले युवालाई अवसर दिनुपर्छ र युवाले अवसरलाई जिम्मेवारीमा बदल्नुपर्छ । समाजले परिवर्तनलाई स्वीकार गर्नुपर्छ तर आफ्नो मानवीयता र उपयोगी सांस्कृतिक मूल्यलाई पनि जोगाउनुपर्छ ।

अन्तत: नेपाली समाजको उज्ज्वल भविष्य पुस्ताबिचको दुरी बढाएर होइन, उनीहरूबिचको पुल बलियो बनाएर निर्माण हुनेछ । राम्रो भविष्य निर्माण गर्ने जिम्मेवार सहयात्रीका रूपमा स्वीकार गर्नसक्यौं भने समृद्ध, समावेशी र संवेदनशील नेपाल निर्माण गर्ने सपना साकार हुनसक्छ ।

साम्राज्यवादका...

छ । स्थानीय ज्ञान, मौलिक दर्शन र परम्परागत संस्थाहरूलाई पिछडिएको वा अन्धविश्वासी रूपमा चित्रित गरेर मानिसको चेतनालाई उपनिवेशीकरण गर्ने काम लगातार भइरहेको छ ।

एडवर्ड साइदले आफ्नो प्रसिद्ध पुस्तक ओरिएन्टालिज्ममा सन् १९७८ मा यो प्रमाणित गरेका थिए कि पश्चिमा जगतले पूर्वका देशहरूलाई हेर्ने दृष्टिकोण सधैँ हीनताबोध गराउने र उनीहरूलाई आफ्नै संस्कृतिप्रति शङ्का गर्न बाध्य पार्ने प्रकृतिको हुन्छ । यसै क्रममा विकासोन्मुख देशका प्रतिभावान युवाहरूलाई छात्रवृत्तिको प्रलोभन देखाएर विकसित देशहरूमा तानेर उनीहरूको बौद्धिक क्षमतालाई स्वदेशको हितमा प्रयोग हुन नदिने ब्रेन ड्रेनको रणनीति पनि यसैको अभिन्न अङ्ग हो ।

विचार नियन्त्रण

सूचना प्रविधिको विकाससँगै मानव मस्तिष्क र विचारलाई युद्धको मैदान बनाउने नयाँ तरिकाको विकास भएको छ जसलाई कग्निटिभ वारफेयर भनिन्छ । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्महरूमा प्रयोग हुने जटिल एल्गोरिदमहरूले मानिसको सोच, विश्वास र राजनीतिक धारणालाई अदृश्य रूपमा नियन्त्रण र निर्देशित गरिरहेका छन् ।

मिडियाको एकाधिकारमार्फत कुनै पनि घटनालाई अतिरञ्जित गरेर वा गलत सूचना प्रवाह गरेर जनमतलाई प्रभावित पार्ने काम हुन्छ । हर्टबर्ट आर्चर्ड म्याक्लुहानले धेरै पहिले सञ्चारमाध्यम नै सन्देश हो भन्ने सिद्धान्त प्रतिपादन गर्दै यो चेतावनी दिएका थिए कि जब मिडिया सीमित व्यक्तिको हातमा पुग्छ तब समाजको विचार पनि उनीहरूकै इच्छाअनुसार चल्न थाल्छ ।

आजको युगमा यही प्रविधि र भ्रमको खेतीमार्फत कुनै पनि देशका नागरिकहरूमा आफ्नै राष्ट्रिय व्यवस्थाप्रति अविश्वास पैदा गराउने र आन्तरिक कलह निम्त्याउने कार्य व्यापक रूपमा भइरहेको छ ।

राजनीतिक खेल

कुनै पनि देशको आन्तरिक राजनीतिमा प्रत्यक्ष वा परोक्ष रूपमा हस्तक्षेप गरेर आफ्ना स्वार्थ अनुकूलका व्यक्ति वा दलहरूलाई सत्तामा पुऱ्याउनु साम्राज्यवादको पुरानो तर प्रभावकारी हतियार हो । यस प्रक्रियामा कूटनीतिक दबाब, विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूको प्रयोग र कठपुतली सरकारहरूको स्थापना गरिन्छ । साना देशहरूले आफ्नो स्वतन्त्र विदेश नीति अँगाल्न खोज्दा उनीहरूमाथि विभिन्न प्रकारका प्रतिबन्धहरू थोपरिन्छन् ।

सान्टियागोको सन् १९७३ को ऐतिहासिक घटना यसको गम्भीर उदाहरण हो जहाँ अमेरिकाको केन्द्रीय गुप्तचर संस्था सीआईएको प्रत्यक्ष सहयोगमा चिलीका लोकतान्त्रिक रूपमा निर्वाचित राष्ट्रपति साल्भाडोर एलेन्देको सरकारलाई रक्तपातपूर्ण कुमार्फत हटाइयो र जनरल पिनोचेको सैन्य तानाशाही लादियो । यस किसिमका राजनीतिक हस्तक्षेपहरूले जनताको सार्वभौमिक अधिकारलाई कुल्चिने मात्र होइन कि लोकतन्त्रको मूल्य मान्यतालाई गम्भीर रूपमा प्रहार गर्ने गर्छन् ।

व्यापार मानक

अन्तर्राष्ट्रिय व्यापारका नियमहरू र बौद्धिक सम्पत्ति अधिकारका कानुनहरू सधैँ विकसित देशहरूको पक्षमा हुने गरी निर्माण गरिएका हुन्छन् । कडा पेटेन्ट कानुनहरू लादेर जीवन बचाउने औषधिहरू, कृषि बीउबिजन र अत्याधुनिक प्रविधिको पहुँच गरिब देशहरूका लागि असम्भवजस्तै महँगो बनाइन्छ । यसले गर्दा विकासोन्मुख देशहरू सधैँ प्रविधि र उत्पादनका लागि बाह्य देशहरूसँग परनिर्भर भइरहनुपर्ने बाध्यता सिर्जना हुन्छ ।

भारतीय पर्यावरणविद् तथा दार्शनिक वन्दना शिवाले आफ्नो पुस्तक स्टोलन हार्वेस्टमा यो स्पष्ट पारेकी छिन् कि कसरी बहुराष्ट्रिय कम्पनीहरूले प्रकृति र कृषिका मौलिक स्रोतहरूमाथि पेटेन्ट अधिकारको नाममा एकाधिकार जमाउँदै किसानहरूलाई आफ्नै भूमिमा शरणार्थी बनाउँदैछन् । यो कानुनी र व्यापारिक पासो यति सूक्ष्म हुन्छ कि यसले गरिब देशहरूको सम्पूर्ण स्वायत्ततालाई कानुनी रूपमै खोसदिन्छ ।

सांस्कृतिक हमला

कुनै पनि राष्ट्रको पहिचान मेटाउने सबैभन्दा छिटो तरिका त्यहाँको संस्कृतिमाथि प्रहार गर्नु हो । सांस्कृतिक साम्राज्यवादले भाषा, भेषभूषा, खानपान, चाडपर्व र जीवनशैलीको अन्धाधुन्ध अनुकरण गराएर स्थानीय मौलिकतालाई कमजोर बनाउँछ । चलचित्र, सङ्गीत, फेसन र आधुनिक मनोरञ्जनका माध्यममार्फत पश्चिमा जीवनशैलीलाई आदर्श र आधुनिकताको रूपमा प्रस्तुत गरिन्छ भने स्थानीय संस्कृतिलाई पुरानो भनी उपेक्षा गरिन्छ ।

फ्रान्ज फेननले आफ्नो प्रसिद्ध ग्रन्थ द ब्रेचड् अफ द अर्थमा यो गहिरो विश्लेषण गरेका छन् कि उपनिवेशवादले राजनीतिक र आर्थिक कब्जा मात्र गर्दैन तर यसले मानिसको मानसिक संरचनालाई समेत तहसनहस पारेर आफ्नो संस्कृतिप्रति नै हीनताबोध पैदा गरिदिन्छ । जब कुनै समाजले आफ्नै कला र संस्कृतिप्रति गर्व गर्न छोड्छ तब त्यो भित्रैदेखि कमजोर हुन्छ र साम्राज्यवादी प्रभावलाई सजिलै स्वीकार गर्न थाल्छ ।

हरित नियन्त्रण

आधुनिक युगमा साम्राज्यवादले आफ्नो प्रभाव विस्तार गर्ने नयाँ क्षेत्रको रूपमा पर्यावरण र जलवायु परिवर्तनको मुद्दालाई प्रयोग गर्न थालेको छ जसलाई हरित उपनिवेशवाद भनिन्छ । जलवायु परिवर्तनको ऐतिहासिक र मुख्य जिम्मेवार विकसित औद्योगिक देशहरू भए पनि त्यसको नाममा विकासोन्मुख देशहरूको आर्थिक विकास, औद्योगीकरण र ऊर्जा प्रणालीमाथि बाह्य नियन्त्रण कायम गर्ने प्रयास भइरहेको छ ।

पर्यावरणीय सहयोग र कार्बन क्रेडिटको नाममा साना देशहरूको सार्वभौम आर्थिक नीतिमाथि हस्तक्षेप गरिन्छ । यसरी प्रकृति र विकासको नाममा लादिएका नयाँ सर्तहरूले गरिब देशहरूलाई अझ बढी आर्थिक सङ्कटतर्फ धकेलिरहेका छन् ।

अन्ततः साम्राज्यवादले अब बन्दुक र सेनाको भरमा मात्र काम गर्दैन तर यसले विचार, प्रविधि, अर्थतन्त्र र चेतनाको अदृश्य जालोमार्फत सम्पूर्ण मानवतालाई आफ्नो नियन्त्रणमा राख्ने परिष्कृत रूप लिएको छ जुन मानव सभ्यताका लागि गहिरो चुनौती बनेको छ ।

- Lokpati.com

राजनीतिक संस्कारको विकास गर्दै सोचको दायरा फराकिलो बनाउनुपर्ने



भक्तपुर, १५ कार्तिक । नवज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २२ औँ साधारणसभा तथा सातौँ अधिवेशनबाट सर्वसम्मत निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् संविधानसभा सदस्य अनुराधा थापामगरले सम्मानपत्र प्रदान गर्नुभयो ।

उहाँले सहकारीले आर्थिक कारोबारका साथै शेयर सदस्यहरूमा सामाजिक तथा सांस्कृतिक जागरण ल्याउनुपर्ने र राजनीतिक संस्कारको विकास गर्दै सोचको दायरा फराकिलो बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । सहकारीले समाजलाई वैज्ञानिक ढङ्गले परिवर्तन गर्नसक्ने आधार तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले नयाँ पुस्ता आफ्नै देशको माटोमा सेवा गर्न अग्रसर हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

संस्थाका निवर्तमान अध्यक्ष काजीबहादुर पञ्च, उपाध्यक्ष लक्ष्मीप्रसाद कोजू, कोषाध्यक्ष सूर्यबहादुर माकजूलगायतका पदाधिकारीहरूलाई संस्थाको स्थापनाकालदेखि हालसम्म निरन्तर सेवा पुऱ्याएकोमा प्रमुख अतिथि थापामगरले कदरपत्र प्रदान गरी सम्मान गर्नुभयो ।

निवर्तमान अध्यक्ष काजीबहादुर पञ्चले सहकारीको स्थापनाकालदेखि हालसम्मका आरोह-अवरोह स्मरण गर्दै आगामी दिनमा नयाँ नेतृत्वले सहकारी ऐन, नियम, सिद्धान्त र मर्मअनुसार संस्था सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

निवर्तमान लेखा सुपरिवेक्षण समितिका संयोजक दुर्गानाथ न्हेम्हाफुकी, सदस्यहरू इन्द्रबहादुर कोजू, अनुषा श्यामा खुलिमुली र सूर्यबहादुर पञ्चलगायतले मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम संस्थाका अध्यक्ष एसबी खुलिमुलीको सभापतित्वमा सम्पन्न भयो ।

विद्यार्थीलाई प्रतिवेदन लेखन सीपसम्बन्धी दुईदिने तालिम सम्पन्न



भक्तपुर, १५ कार्तिक । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, भक्तपुर नगर समितिको आयोजनामा विद्यार्थीहरूका लागि दुईदिने प्रतिवेदन लेखनसम्बन्धी तालिम आइतबार सम्पन्न भयो ।

नयाँ पुस्तामा अध्ययन, विश्लेषण, लेखन तथा प्रतिवेदन तयार गर्ने सीपको विकास गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा करिब ३० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो । कार्यक्रममा प्रतिवेदन लेखनसम्बन्धी प्रशिक्षण ख्वप कलेज अफ ल का शिक्षक ओजस्वी केसी तथा अनिता जधारीले प्रदान गर्नुभएको थियो ।

तालिमका क्रममा प्रतिवेदनको अवधारणा, प्रतिवेदन लेखनको संरचना, तथ्य तथा सूचनाको सङ्कलन, घटनाको वस्तुगत प्रस्तुति, विश्लेषणात्मक लेखन तथा प्राप्त सूचनालाई व्यवस्थित रूपमा प्रतिवेदनमा प्रस्तुत गर्ने तरिकालगायतका विषयमा प्रशिक्षण दिइएको थियो । सहभागीहरूलाई केवल सूचना सङ्कलन गर्नेभन्दा पनि प्राप्त तथ्यलाई अध्ययन र विश्लेषण गरी तार्किक रूपमा प्रस्तुत गर्न सक्ने क्षमताको विकासमा जोड दिइएको थियो ।

कार्यक्रमको समापन समारोह नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवको प्रमुख आतिथ्यमा सम्पन्न भयो । कार्यक्रममा उहाँले आजको पुस्ताले सांस्कृतिक, शैक्षिक तथा विभिन्न व्यावहारिक सीपहरू निरन्तर सिकिरहनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले सामाजिक सञ्जालहरूमा नकारात्मक कुराहरूको प्रचारलाई व्यापक बनाइरहेको सन्दर्भ जोड्दै नयाँ पुस्तामा देश र समाजप्रति जिम्मेवार भई सकारात्मक परिवर्तनका लागि रचनात्मक गतिविधि गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, भक्तपुर जिल्ला समितिका अध्यक्ष विलम सुवालले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले देश र जनताको पक्षमा निरन्तर आवाज उठाइरहेको चर्चा गर्दै स्थानीय तहमा भइरहेका विकास निर्माण, सामाजिक तथा सांस्कृतिक गतिविधि र विभिन्न नीतिगत कार्यबारे विद्यार्थीहरू जानकार हुन सकेमा उनीहरूमा सामाजिक तथा नागरिक चेतना अझ विकसित हुने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष बिभु किजूले युवाहरूलाई अध्ययन तथा पठन संस्कृतिसँग जोड्नुपर्नेमा जोड दिनुभयो । उहाँले विद्यार्थी जीवनलाई केवल औपचारिक शिक्षामा सीमित नराखी निरन्तर अध्ययन, अनुसन्धान, लेखन र बौद्धिक गतिविधिमा सक्रिय बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

दुईदिने तालिमले सहभागी युवा तथा विद्यार्थीहरूमा प्रतिवेदन लेखनसँगै अध्ययन, तथ्य सङ्कलन, विश्लेषण, लेखन र सामाजिक गतिविधिलाई अभिलेखीकरण गर्ने सीप विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस्ता कार्यक्रमले युवा पुस्तालाई केवल सहभागी हुनेभन्दा पनि कुनै विषयलाई गहिराइपूर्वक अध्ययन गर्ने, तथ्यका आधारमा धारणा बनाउने र आफ्ना विचारलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने संस्कृतिको विकास गर्न सहयोग पुग्ने देखिन्छ भन्ने धारणा प्रशिक्षार्थीहरूले व्यक्त गर्नुभयो ।

प्रशिक्षार्थीहरूलाई यसअघि नेपालभाषा साहित्य त:मुंज्यामा प्रतिवेदन लेखनको व्यवहारिक अभ्यास गराइएको थियो ।

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्याखय् पिब्वगु घिंघिंबलाखय् दुथ्यागु सांस्कृतिक ब्वज्याया लिच्वया धल:

क) छ्धा प्याखं

छ्यों	न्ह्यः ब्वम्हा	लिच्वः
क खाँ हज्याकि	ख्वप कलेज	न्हाप
लाइभखय् भ्युज गुथि कन्फ्युज	बहुरंगी समाज	ल्यू
फुय मत्योगु दिँ	लोकेश्वर समाज	ल्यूया ल्यू
लयता च्यो (ख्याल:)	ख्वप सांस्कृतिक खल:	विशेष सिरपा

बाँलाम्हा	नां	न्ह्यः ब्वम्हा
छ्धा प्याखं च्वमी	चन्द्रबहादुर उलक	ख्वप कलेज
छ्धा प्याखं स्येनामी	लक्ष्मीप्रसाद चवाल	बहुरंगी समाज
मिजं प्याखंम्व	रवि ख्याजू	ख्वप सांस्कृतिक खल:
मिसा प्याखंम्व	निलिसा गाईजू	बहुरंगी समाज
दबु छाय्पा	बसिल त्वायना	ख्वप कलेज

ख) हुला प्याखं (लाइभ)

छ्यों	न्ह्यः ब्वम्हा	लिच्वः
नेपायागु झीगु हिमाल	प्रभात ई. स्कूल	न्हाप
विश्वास ल्यंक च्वंपु	आस्था सांस्कृतिक परिवार	ल्यू
धिमाय् बाजाखय् हुलाप्याखँ	ताथली धिमाय् खल:	ल्यूया ल्यू
बाँसुरी बाजाया तालय्	लैको बाँसुरी बाजा खल:	हपा सिरपा

बाँलाम्हा	नां	न्ह्यः ब्वम्हा
लय चिनामी	प्रेम प्रजापति	पासा पुचः
म्ये च्वमी	नारायणबहादुर गोरा	श्रमिक कला सदन
प्याखं हुलामी	सकिरा प्रजापति	वाचुत्व खँचा: छोरी समूह
प्याखं स्यनामी	राज चवाल	जेसिस मा.वि.

ग) उत्कृष्ट हुलाप्याखँ (ट्र्याक) न्ह्यलंब्वम्हा सुथ थाना	पारागन एकेडेमी

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्याखय् सांस्कृतिक विधात पिब्वयो ग्वाहाली याङ: दिपुं सकलसिता सुभाय् देछायो च्वङा ।

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या
ग्वसाखल, गोमारी-७, ख्वप

न्हि ल्या: कौला गा अष्टमी (२०८३/०७/१६)

विपत्को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफबाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गाँजा...

ध्यानमा राखी यस विषयमा कानुनी व्यवस्था परिमार्जन गर्न आवश्यक देखिए सम्बन्धित विज्ञ तथा सरोकारवालासँग छलफल र परामर्श गर्न सरकारको ध्यानाकर्षणसमेत गराएको छ ।

गाँजाको औषधीय तथा औद्योगिक प्रयोगसम्बन्धी अध्ययनका लागि नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले अध्ययन गरिरहेको विषयलाई पनि अदालतले आदेशमा उल्लेख गरेको छ ।

यसअघि गाँजा खेतीको वैधानिकीकरण तथा नियमनको माग गर्दै सर्वोच्चमा रिट निवेदन परेको थियो । उक्त रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलगायत सरकारी निकायलाई विपक्षी बनाइएको थियो ।

ॐ हार्दिक समवेदना ॐ



जन्म
२०२३/०३/१८

स्वर्गारोहण
२०८३/०७/०४

हाम्रा आत्मीय मित्र एवं यस समूहका सदस्य **शुक्रसेन बासुकला**को असामयिक स्वर्गारोहण भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

श्री गणेश युवा समूह, गोल्मढीका साथीहरू

चन्द्रमान मचामसी (साइँला)	विष्णुप्रसाद लागे	राजेन्द्र लागे
मङ्गललाल सितिखु	जयराम ह्यौंमिखा	सुन्दर लागे
सुवास शिल्पकार	रामशङ्कर ह्यौंमिखा	जीवन लागे
रामसुन्दर कवां	राजेश दुवाल	कृष्णलाल कारंजित
बुद्धिराम कुसी	गणेशमान ह्यौंमिखा	कबिन मूल

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा